**मजदुर**
*The Worker Daily* दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
**मजदुर दैनिक**
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
*The Worker Daily* दैनिक

Website : www.onlinemajdoor.com

**Vacancy Announcement**

We are seeking an experienced and qualified candidate for the following post.

| Post | No.of staff | Qualification |
|---|---|---|
| Accountant | 1 | Bachelor Passed |

**To Apply:**

Please apply with an application letter, updated CV and qualifications no later than 15th Mangsir, 2082 at the office.

**Contact No.** 01-6619992
**E-mail :** wisdomschool.nepal@gmail.com

**Wisdom English School**
Kamalbinayak, Bhaktapur-10

★ वर्ष : २७ ★ अङ्क : २९९ ★ ने. सं. ११४६ कछला गा, त्रयोदशी ★ सोमबार ★ १ मङ्सिर, २०८२ ★ November 17, 2025, Monday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

# "भनपालाई सुन्दर र व्यवस्थित नगरको रूपमा विकास गर्न जग्गावालाहरूकै मागअनुसार आवास योजना सञ्चालन गरिएको हो"

भक्तपुर, ३० कार्तिक । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्य क्षेत्रमा गरिरहेको कामको अन्तर्राष्ट्रिय जगतमा पनि प्रचारप्रसार भइरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. २ को आयोजनामा ठुलो ब्यासीमा सेवा प्रवाह र समसामयिक विषयमा जानकारी दिन आइतबार आयोजित सो सभामा उहाँले



शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणमा भक्तपुर नपाले उदाहरणीय काम गर्दै आएको स्पष्ट पार्नुभयो ।

भक्तपुरको एक घर एक स्नातक नाराले आज सार्थक रूप लिइसकेको बताउँदै उहाँले भक्तपुर नपाले समाजवादी लक्ष्यअनुरूप काम गर्दै आएको बताउनुभयो ।

भक्तपुरका जनता असल र इमानदार भएकै कारण भक्तपुर नपाले गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई दिँदै आएको शैक्षिक ऋण प्रभावकारी रूपमा सञ्चालन भएको बताउँदै उहाँले भक्तपुर नपाबाट सञ्चालित शैक्षिक संस्थाजस्तै ख्वप विश्वविद्यालय पनि सञ्चालन गर्ने अठोटका साथ नगरपालिका अगाडि बढिरहेको छ भन्नुभयो ।

नगरपालिकाबाट सञ्चालित देको मिवा इतापाके आयोजना नगरपालिकाले सञ्चालन गरेको चौथो आवास योजना भएको बताउँदै भक्तपुर नगरलाई सुन्दर र व्यवस्थित नगरको रूपमा विकास गर्न जग्गावालाहरूकै मागअनुसार आवास योजना सञ्चालन गरेको बताउनुभयो ।

आयोजना पीडित सङ्घर्ष समितिले आफ्नो माग स्पष्ट राख्नुभन्दा नगरपालिका र आवास योजनाविरोधी गतिविधि गरिरहेको बताउँदै उहाँले




समितिले जनताको समस्या सम्बोधन गर्नेमा भन्दा जनतामा भ्रम फैलाउने काम गरिरहेको बताउनुभयो ।

जनताको निःस्वार्थ सेवा गर्नेबाहेक अरू कुनै स्वार्थ नगरपालिकाको नरहेको प्रमुख प्रजापतिले बताउनुभयो । उहाँले सार्वजनिक र पर्ती जग्गा संरक्षण गर्ने कर्तव्य नगरपालिकाको हो, ढिलो चाँडो अतिक्रमित पर्ती र सार्वजनिक जग्गा सार्वजनिक नै कायम हुनेछ भन्नुभयो ।

कार्यक्रमका सभापति एवं भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले झूटो प्रचार गरी आयोजनाको विरोध गरिरहेको बताउनुभयो ।

योजनाका बाँकी समस्याहरू जनतासँगै छलफल गरी समाधान गर्दै अगाडि बढ्ने जानकारी पनि उहाँले गराउनुभयो ।

भनपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले वडाको विकासमा बाधा अवरोध सिर्जना गर्न नहुने बताउनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर नगर समितिका अध्यक्ष गङ्गाराम ज्याख्वले नेक्राकिसङ्घले मोहियानी हक सुनिश्चितको लागि खेल्दै आएको भूमिकाबारे प्रस्ट पार्दै सङ्घले जालीफटाहा र नक्कली काम गर्नेहरूको पक्षमा कहिल्यै काम गर्दैन भन्नुभयो ।

नेमकिपा वडा नं. २ ब्यासीका संयोजक गणेशप्रसाद सुवालले देश र जनताको निःस्वार्थ सेवा नै राजनीति हो भन्दै जनतालाई राजनैतिक रूपमा सचेत र सङ्गठित पार्ने काम नेमकिपाले गर्दै आएको बताउनुभयो ।

उक्त कार्यक्रममा वडा सदस्य मन्जुमैँया लाखा र श्यामसुन्दर मातांले भक्तपुर नपाले जनताको चाहना र प्राथमिकताको आधारमा काम गर्दै आएको बताउँदै वडाको विभिन्न विकास निर्माणको कामबारे अवगत गराउनुभयो ।

# के यी विषय सत्य हुन् ?

काठमाडौँ, ३० कार्तिक । शासक दलहरूले आफ्नो कार्यक्रममा सहभागी हुनेहरूलाई पेट्रोल र खानाको कुपन बाँडेको सामाजिक सञ्जालमा सार्वजनिक भयो । यसबारे सम्बन्धित पार्टीले स्पष्टीकरण दिनुपर्दैन र ?

पाँच पटक प्रधानमन्त्री भएका शासक नेता आफ्नो स्वास्थ्य उपचारको लागि सिङ्गापुर जानुपर्ने अवस्थाले बहुदल र गणतन्त्रको ३५ वर्षयताका सरकारहरूले देश र जनताको हितमा काम नगरेको होइन र ?

सरकारमा गएका केही पुराना र नयाँ पार्टीहरू टीका लगाउँदै, फाराम भराउँदै सदस्यता वितरण गर्न तँछाडमछाड गरिरहेको के सिद्धान्तहीन राजनीतिको सिलसिला होइन र ?

मधेस प्रदेशमा बिहान सबेरै होटलमा शपथग्रहण गरेका एमालेका मुख्यमन्त्री यादवलाई वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासबाट धम्की आएको सार्वजनिक भएको सत्य हो र ?

रङ्गशाला बनाउन रकम उठाएका एक कलाकार जोडीले एउटा बङ्गला उठाएको र दुई ओटा क्रेटा गाडी खरिद गरेको सार्वजनिक भएको सत्य हो र ?

शासक दलहरूबाट प्रदेशमन्त्री भएकाहरूले आफ्नै घरमा बसोबास गरी सरकारको रकम घर भाडा बुझिरहेको सार्वजनिक भएको के सत्य हो ?

बैतडीमा एक पसलेले दलितको दूध किनेर बेच्दा आफ्नो पसल नै बन्दजस्तो भएको गुनासो गरेबाट देशमा छुवाछुतसहितको सामन्तवाद कायम रहेको पुष्टि गरेन र ?

भारतसँगको खुला सीमाको कारण दार्चुलाको कौवा क्षेत्रको वनमा अवैधरूपमा चोरी सिकारी तथा तस्करीका घटना बढिरहेकोतर्फ वर्तमान सरकारले ध्यान किन दिन नसकेको हो ?

शासक दलहरूलाई आ-आफ्नो अकर्मण्यताको पाठ सिकाउन भदौ २४ गते भएको सार्वजनिक भवनहरू सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवन आगजनी यथावत राखी आवश्यक नयाँ भवन बनाउनु उपयुक्त हुने हो र ?


**व्यङ्ग्यचित्र कुनो**




# कुलमान र प्राधिकरण प्रमुख सिलवालको सेटिङमा विद्युत् आयात गर्दा ४३ करोड गडबडी

**विद्युत् आयात गर्न प्राधिकरणले दियो भारतीय कम्पनीले मागेभन्दा धेरै दर**

काठमाडौँ, (अनलाइनखबर) । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङ र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवालले भारतीय कम्पनी पावर ट्रेड कर्पोरेसन अफ इन्डिया (पीटीसी) ले मागेभन्दा पनि बढी दरमा विद्युत् खरिद सम्झौता गर्दा करिब ४३ करोडको गडबडी भएको कागजातबाट देखिन आएको छ ।




घिसिङले नेपाल विद्युत् प्राधिकरण प्रमुखमा ५ असोजमा सिलवाललाई नियुक्त गरेको भोलिपल्टै नाटकीय रूपमा पीटीसीले मागेको भन्दा पनि उच्च दरमा विद्युत् खरिद सम्झौता (पीपीए) गरिएको अनलाइनखबरले प्राप्त गरेका दस्ताबेजले देखाएको हो ।

प्राधिकरणले हिउँदको समयमा भारतबाट ठुलो मात्रामा विद्युत् आयात गर्छ । आगामी १ जनवरीदेखि मेको अन्त्यसम्म १ सय ८० मेगावाट विद्युत् आयात गर्ने गरी प्राधिकरणका कार्यकारी निर्देशक सिलवालले पीटीसीका प्रबन्ध निर्देशक (मार्केटिङ) विक्रम सिंहसँग २७ असोज (१३ अक्टोबर २०२५) मा सम्झौता गरेका छन् ।

सम्झौतामा विद्युत् प्राधिकरणले पीटीसीसँग प्रतियुनिट ६.९५ भारु अर्थात् ११.१२ नेपाली रुपैयाँमा विद्युत् खरिद गर्ने उल्लेख छ ।

जबकि, पीटीसीले ८ अगस्ट २०२५ मा विद्युत् प्राधिकरणलाई ६.७४ भारु अर्थात् १०.७८ रुपैयाँमै विद्युत् बिक्री गर्न आफू तयार रहेको भनेर प्रस्ताव पठाएको थियो ।

पीटीसीले त्यसअघि पठाएको सस्तो दरको प्रस्ताव बेवास्ता गर्दै सिलवालले आफू प्रबन्ध निर्देशक नियुक्त भएको भोलिपल्टै अर्थात् ६ असोज (२२ सेप्टेम्बर २०२५) मा महँगो दरमा विद्युत् बिक्री गर्ने नयाँ प्रस्ताव पेस गर्न लगाएका थिए ।

पीटीसीले त्यसअघि प्रस्ताव गरेको भन्दा ३४ पैसा बढी मूल्य उल्लेख गरेर २२ सेप्टेम्बरमा नयाँ प्रस्ताव पठाएपछि त्यसैलाई आधार बनाएर दुई कम्पनीबिच विद्युत् खरिद सम्झौता भएको देखिन्छ ।

त्यसरी महँगो दरमा विद्युत् खरिद सम्झौता गर्दा प्राधिकरणलाई पाँच महिनाकै अवधिमा करिब ४३ करोड घाटा लाग्ने देखिन्छ । यस्तै गरी आगामी वर्षहरूमा पनि विद्युत् आयात गर्नुपर्ने हुँदा बर्सेनि प्राधिकरणलाई घाटा हुने गरी घिसिङ र सिलवालले सम्झौता गरेको देखिन्छ ।

"त्यसबेला ६.७४ भारुको दरमा विद्युत् बिक्री गर्ने प्रस्ताव पीटीसीले गरेको थियो, त्यो दर अझै घटाउन सकिन्छ कि

***बाँकी पृष्ठ ७ मा***

**क्यान्सर रोगबारे जानकारी राखौं।**

क्यान्सर रोगमा हुन सक्ने लक्षणहरुः
❖शरीरमा गिर्खा गाँठा-गुठीहरु देखिनु,
❖शरीरमा भएका कोठी वा मुसाहरुको रङ्ग बदलिनु वा आकार बढ्दै जानु वा अन्यत्र फैलिनु,
❖शरीरमा भएका घाउहरु लामो समयसम्म निको नहुनु,
❖खकारमा रगत देखा पर्नु वा लामो समयसम्म खोकी निको नहुनु,
❖लामो सयमसम्म दिसामा गोटी पर्नु, पातलो दिसा हुनु, दिसामा रगत देखिनु,
❖महिनाबारी नभएको समयमा रगत देखिनु, महिनाबारी रोकिएका महिलाको पुनः रक्तश्राव हुनु वा सहवासपछि रक्तश्राव हुनु,
❖स्तनमा गाँठा-गुठी देखिनु, स्तनको मुन्टोबाट रगत मिसिएको दुध आउनु वा स्तनको मुन्टो दबिनु,
❖शरीरको वजन छिटो घट्नु, रक्तअल्पता देखिनु, ज्वरो आइरहनु,
❖नाक मुख वा शरीरका अन्य छिद्रहरुबाट रगत आउनु,
❖धेरै दिनसम्म टाउको दुखिरहनु, वान्ता हुनु, रिङ्गटा लाग्नु, आँखा धमिलो देखिनु वा शरीर काँप्नु आदि ।

यस्ता लक्षण देखिएमा स्वास्थ्य संस्थामा सम्पर्क गरौं वा चिकित्सकसँग परामर्श लिऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड

# निओ फ्युजनको लन्च हाइकिङ प्रतियोगिता सम्पन्न



भक्तपुर, ३० कार्तिक । नेपाल स्काउट, निओ फ्युजन ओपन रोभर रेञ्जर क्रयुको आयोजनामा स्काउट लन्च हाइकिङ प्रतियोगिता ब्रह्मायणी पीठमा एक कार्यक्रमबिच सम्पन्न भयो ।

कार्यक्रममा भनपाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले स्काउटिङ क्षेत्रलाई मजबुद र समग्र विद्यालयमा अनिवार्य स्काउट कक्षाको व्यवस्था गर्न पहल गरिरहेको बताउनुभयो । समाजलाई नजिकबाट सहयोग गर्न सकिने संस्था स्काउट भएको उहाँले बताउनुभयो ।

स्थानीय प्रमुख आयुक्त बालकृष्ण बनमालाले विद्यालयका स्काउट ट्रुपहरू तथा रोभर रेञ्जर क्रयुहरूले विविध रचनात्मक कार्यक्रमहरू गरिरहेको बताउनुभयो ।

अतिथि रामगोपाल कर्माचार्यले स्काउटले व्यवहीरक शिक्षा दिने भएकोले सबै परिवारलाई स्काउट शिक्षाबारे ज्ञान दिनुपर्ने बताउनुभयो ।

निरन्जन बेकोजुको सभापतित्वमा भएको कार्यक्रममा वागीश्वरी माविका प्राचार्य कृष्णप्रसाद कर्माचार्य, हिमालयन ग्लोरी इङ्गलिश स्कूलका प्रिन्सिपल कृष्णराम त्वाय्नाबासु, पारागन एकेडमीका प्रिन्सिपल पुण्यराम कवां, विमल स्काउट ट्रुपका प्रतिनिधि हरि श्रेष्ठ, सृजन लवजु, न्हुज किजु, सविन लेवा, सृजना कोजु, सन्देश तामाङ र सचिता दुलालले पनि बोल्नुभएको थियो ।

लन्च हाइकिङ प्रतियोगितामा विमल स्काउट ट्रुप प्रथम, वागीश्वरी स्काउट ट्रुप दोस्रो, हिमालयन ग्लोरी स्काउट ट्रुप तेस्रो, ख्वप्रिङ स्काउट ट्रुप र पारागन स्काउट ट्रुप सान्त्वना हुन सफल भएको छ ।

# भक्तपुरमा पहिलोपटक HSK परीक्षा सञ्चालन : ख्वप कलेज



भक्तपुर, ३० कार्तिक । काठमाडौं विश्वविद्यालयअन्तर्गतको कन्फ्युसियस इन्स्टिच्युटले चीनको शिक्षा मन्त्रालयअन्तर्गत (Center for Language Education and Cooperation) को मार्गनिर्देशनमा भक्तपुरमा पहिलोपटक ख्वप कलेजमा HSK परीक्षा (चिनियाँ भाषा दक्षता परीक्षण) सञ्चालन गरेको छ । ख्वप कलेजमा चिनियाँ भाषा अध्ययन गरिरहेका २५ जना शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूले उक्त परीक्षामा सहभागिता जनाए । काठमाडौं विश्वविद्यालयको कन्फ्युसियस इन्स्टिच्युट र ख्वप कलेज, नेपाल तथा भक्तपुरमा विद्यालय तहमा HSK परीक्षा सञ्चालन गर्ने पहिलो संस्था बनेका छन् । यो कदमले भक्तपुर जिल्लाका चिनियाँ भाषा पढ्ने विद्यार्थीहरूलाई चिनियाँ भाषा परीक्षामा सहज पहुँच प्राप्त गर्न थप मद्दत गर्नेछ ।

# सुकुन्दा साकोसको १९ औँ स्थापना दिवस तथा सिंहावलोकन कार्यक्रम

भक्तपुर, कार्तिक ३० । भक्तपुर नगरपालिका वडा न ७, जगातीस्थित सुकुन्दा बचत तथा ऋृण सहकारी संस्था लिमिटेडको १९ औँ स्थापना दिवस तथा सिंहावलोकन कार्यक्रम आइतबार एक कार्यक्रमबिच सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका सचिव सूर्यराम त्वानाबासुले सुकुन्दा साकोसले छरिएर रहेका बचत तथा सीपमूलक तालिम दिँदै आइरहेको उल्लेख गर्दै सहकारीले ३८ करोडभन्दा माथिको कारोबार गर्न सफल भएको जानकारी गराउनुभयो । संस्थामा २५ जनाबाट सुरु भई हाल २११० जना सदस्य रहेको जानकारी गराउँदै उहाँले सहकारी विभागको नीतिअनुसार काम गर्दै आइरहेको छ भन्नुभयो ।

कोषाध्यक्ष श्रीकृष्ण गोसाईले संस्थाको आर्थिक गतिविधिबारे स्पष्ट पार्दै संस्थाको शेयर, कुल बचत, ऋृण लगानी, जगेडा कोष र तरलताबारे जानकारी गराउनुभयो ।

कार्यक्रममा निवर्तमान अध्यक्ष सानुकाजी त्वानाबासुले संस्थाले विविध कार्यक्रमहरूलाई निरन्तरता दिदै जानुपर्ने कुरामा जोड दिनुभयो ।

सल्लाहकार आसकाजी त्वानाबासुले सामूहिक भावनाले संस्था प्रगतितर्फ उन्मुख हुने र देशको आर्थिक अवस्था कमजोर बन्दै गइरहेकोले स-साना पुजी राखी सञ्चालन गर्ने उद्योगपति तथा व्यापारीहरू पलायन भएको बताउनुभयो ।

सल्लाहकार विश्वराम कवांले संस्थाको कुनै पनि सहकारीमा स्पष्ट नीति आवश्यक हुनुपर्ने भएकोले संस्थाको वार्षिक योजना तयार गर्नुपर्ने बताउनुभयो । उहाँले ऋणीको अवस्था तथा नयाँ सदस्यहरूबिच अन्तरक्रिया, खेलकुद प्रतियोगिता तथा तालिम सञ्चालन गर्न आवश्यक रहेको बताउनुभयो ।

सल्लाहकार नाति कवांले अभिभावकहरूले छोराछोरीहरूलाई सानैदेखि अनुशासन तथा संस्कारका कुरा सिकाउनुपर्ने कुरामा जोड दिनुभयो ।

कार्यक्रम संस्थाका अध्यक्ष राजभाइ माकको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा व्यवस्थापक सानुकाजी चिकंबजारले बोल्नुभएको थियो ।

# भक्तपुर साकोसमा शिक्षा शिविर सम्पन्न

भक्तपुर, ३० कार्तिक । भक्तपुर बचत तथा ऋृण सहकारी संस्था लि.को शिक्षा उपसमितिको आयोजनामा नयाँ सदस्यहरूलाई संस्थाको नीति नियम, संस्थाले गर्दै आएको आर्थिक, सामाजिक गतिविधिहरूको जानकारी दिने तथा सहकारीसम्बन्धी सचेतना दिने उद्देश्यले शनिबार शिक्षा शिविरको आयोजना भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष निर्मल प्रजापतिले व्यक्तिगत र घरायसी आर्थिक समस्या समाधानको लागि स्थानीय ४० जना युवाबाट सञ्चालित भक्तपुर साकोस आज सदस्यको शैक्षिक, सांस्कृतिक, स्वास्थ्य खेलकुद र आर्थिक स्तरोन्नतिको साथै सामाजिक दायित्व निर्वाह गर्दै आइरहेको बताउनुभयो । सामुदायिक सहकारीले सर्वप्रथम संस्था, त्यसपछि सदस्य र समाजको हितलाई मध्यनजर गर्दै आफ्ना गतिविधि अगाडि बढाउँछ भने व्यवसायिक सहकारीले सीमित व्यक्तिको स्वार्थपूर्तिको लागि काम गरेको हुन्छ भन्नुभयो ।



उहाँले भक्तपुर शिक्षा, स्वास्थ्य, कला र संस्कृतिको क्षेत्रमा नमुना जिल्लाको रूपमा अगाडि बढिरहेको समयमा सहकारी क्षेत्रमा पनि नमुना जिल्ला बनाउने सोचका साथ भक्तपुर साकोस सदैव अगाडि बढिरहेको बताउनुभयो । उहाँले अहिलेको समय भनेको कमाउनेको होइन बचाउनेको हो, त्यसैले सुनौलो भविष्यको लागि कमाइको निश्चित प्रतिशत बचत गर्ने हो भन्नुभयो ।

संस्थाका उपाध्यक्ष एवं शिक्षा उपसमितिका संयोजक लक्ष्मीप्रसाद कुसीले संस्था राम्रो हुन त्यहाँको कर्मचारी, सञ्चालक र नीति नियम मात्र राम्रो भएर हुँदैन त्यहाँका सदस्यहरू पनि राम्रो हुनुपर्ने बताउनुभयो ।

संस्थाले समाजका अग्रजहरूको राय सुझावलाई मनन गर्दै सामाजिक विकास कोषको ५० प्रतिशत सहयोग गर्ने गरी भक्तपुर साकोसको संरक्षकत्वमा भक्तपुर आदर निकेतन सञ्चालन गर्दै आएको तथा यस वर्षबाट सहकारी शिक्षाकोषको ५० प्रतिशत रकम सामुदायिक विद्यालयका गरिब तथा जेहेनदार विद्यार्थीलाई सहयोग गर्ने गरी भक्तपुर साकोस छात्रवृत्ति २०८२ वितरण गरेको बताउनुभयो ।

संस्थाका व्यवस्थापक सत्यनारायण साँय्जूले संस्थाको आर्थिक स्थिति विद्यमान नीति नियम तथा संस्थाले प्रदान गर्दै आएको सेवा सुविधाको बारेमा जानकारी दिनुभएको थियो ।

शिक्षा उपसमितिका सदस्य हरिराम कुसीले शिक्षा शिविर सञ्चालनको औचित्यताबारे प्रकाश पार्नुभएको उक्त कार्यक्रममा शिक्षा उपसमितिका सदस्य दीपेन्द्र प्रजापतिले पनि बोल्नुभएको थियो ।

## शिक्षक आवश्यकतासम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०८/०१**

यस बासु मा.वि. कालिघाट, ब्यासी, भक्तपुर-२, भक्तपुरमा तपसिल बमोजिम रिक्त पदहरूमा करारमा शिक्षक नियुक्त गर्नुपर्ने भएको हुँदा इच्छुक योग्य नेपाली नागरिकहरूबाट सूचना प्रकाशन भएको मितिले ७ दिन करार सूचिका र अन्यको हकमा १५ दिनभित्र रीतपूर्वक हस्तलिखित निवेदन आह्वान गरिन्छ ।

| क्र.सं. | पद तथा श्रेणी | किसिम | सङ्ख्या | विषय | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १. | मा.वि. तृतीय | करार | १ | नेपाली | सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण अनुभवीलाई विशेष ग्राह्यता |

१. **उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
२. **परीक्षाको किसिम** : लिखित, अन्तर्वार्ता र प्रयोगात्मक
३. **परीक्षा दस्तुर** : १५००।- (एक हजार पाँच सय रुपैयाँ)
४. **दर्खास्त दिने अन्तिम मिति** : २०८२/०८/१५
५. **सम्पर्क मिति** : २०८२/०८/१६
६. **परीक्षा मिति** : सम्पर्क मितिका दिन जानकारी गराइनेछ ।
७. **परीक्षा पाठ्यक्रम** : शिक्षक सेवा आयोगले निर्धारण गरेअनुसार
८. **आवश्यक कागजातहरू** : नागरिकता, शैक्षिक योग्यता, शिक्षक तालिम र स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि

**बासु माध्यमिक विद्यालय**
कालिघाट, ब्यासी-२, भक्तपुर
फोन नं. ०१-६६१५२५७, ६६२०३००

# नेपालले कार्बन उत्सर्जन न्यून, क्षति धेरै

सुदूरपश्चिम, ३० कार्तिक । कार्वन उत्सर्जन न्यूनीकरणमा खेलिएको भूमिकाबापत नेपालले पाउने लाभांशलाई न्यायोचितरूपमा तल्लो तहसम्म पुर्याउनुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । नेपालको रेडप्लसअन्तर्गत उत्सर्जन न्यूनीकरणसम्बन्धी धनगढीमा आयोजित दुईदिने कार्यशालामा वनजङ्गल जोगाएर उत्सर्जन न्यूनीकरणमा पहिलो भूमिका आदिवासी जनजाति एवं सीमान्तकृत समुदायले खेलेकाले प्राप्त हुने लाभांश पनि आदिवासी र सीमान्तकृतलाई न्यायोचित ढङ्गले बाँडफाँट गर्नुपर्ने बताउनुभयो ।

डेडिकेटेड ग्रान्ट मेकानिजम ( डिजिएम) नेपाल, ग्रामीण पुन:स्थापना नेपालको आयोजनामा भएको कार्यशालमा वनविज्ञ रूपेश कालाखेतीले कार्वन उत्सर्जनका कारण वातावरणमा परेको नकारात्मक असरबारे प्रकाश पार्दै नेपालले कार्वन उत्सर्जनमा न्यून योगदान दिए पनि क्षति धेरै व्यहोर्नुपरेको बताउनुभयो । उहाँले भन्नुभयो, “नेपालले कार्वन उत्सर्जनका कारण क्षति धेरै व्यहोरिरहेकाले क्षतिपूर्तिबापतको रकम प्राप्त हुन लागेको छ, विश्व बैङ्कले दुई दिनअघि मात्र पहिलो किस्ताबापत नेपाललाई रु. एक अर्ब ३२ करोड लाभांश रकम उपलब्ध गराइसकेको छ ।”

नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) का अध्यक्ष लक्की चौधरीले वन जोगाउन बढी भूमिका खेल्दै आएका आदिवासी जनजाति र सीमान्तकृत वर्ग अझै पनि जल, जङ्गल, जमिनसँग अपेक्षकृतरूपमा जोडिन नसकिरहेको बताउनुभयो ।

उक्त रकमबाट वनको विकास गर्दै विनास एवं क्षयीकरणमा कमी ल्याउन दिगो वन व्यवस्थापनमार्फत उत्सर्जनमा कटौती गर्न विभिन्न कार्यक्रम गर्न लागिएको जनाइएको छ । रेडप्लस कार्यक्रममा लाभको बाँडफाँट भन्नाले वन क्षेत्रबाट कार्वन उत्सर्जन घटाउने कार्यमा प्राप्त भएको मौद्रिक र गैरमौद्रिक फाइदालाई त्यसका लागि योगदान गर्ने सम्बन्धित सरोकारवालाबिच न्यायपूर्ण रूपमा वितरण गर्ने प्रक्रियालाई जनाउँछ ।

संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी प्रारूप महासन्धि ( युएनएफसीसिसी) लगायत विभिन्न अन्तर्राष्ट्रिय वातावरणसम्बन्धी सन्धि, सम्झौतामा हस्ताक्षर गरेको नेपाल सन् २००८ देखि रेडप्लससम्बन्धी प्रक्रियामा सहभागी भइरहेको छ । यसै सिलसिलामा सन् २०१० देखि विश्व बैङ्कको वन कार्वन साझेदारी कार्यक्रम (एफसीपिएफ) को सहयोगमा नेपालले औपचारिकरूपमा रेडप्लसको तयारीका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्न सुरुआत गरेको हो ।

कार्वनडाइअक्साइड उत्सर्जनले हुने जलवायु परिवर्तनले बेमौसमी वर्षा हुने, भइहालेमा डुबान तथा बाढीपहिरोको जोखिम हुने, भूक्षय हुने, सुक्खा पहिरो जाने, तापक्रम बढ्नेलगायतका समस्या नेपालजस्ता देशले भोग्नुपरेको छ । आगलागी, औद्योगिकीकरण फोहरमैला, कृषि पशुपालन, यातायातका साधन, वनविनास तथा भूउपयोगका गतिविधिले जलवायु परिवर्तनमा असर पुर्‍याइरहेको छ । ***रासस***

## सङ्क्षिप्त समाचार

### सीमा सुरक्षालाई थप प्रभावकारी बनाउन सहकार्य बढाइने

काठमाडौँ, ३० कार्तिक । सशस्त्र प्रहरी बल, नेपाल र भारतको सशस्त्र सीमा बल (एसएसबी) बिच संयुक्त सीमा गस्ती र सीमा सुरक्षालाई थप प्रभावकारी बनाउन आवश्यक समन्वय र सहकार्य बढाउने समझदारी भएको छ ।

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल नेतृत्वको नेपाली प्रतिनिधिमण्डल र भारतको सशस्त्र सीमा बल (एसएसबी) का महानिर्देशक सञ्जय सिङ्घल नेतृत्वको भारतीय प्रतिनिधिमण्डलबिचको द्विपक्षीय नवौँ समन्वयात्मक बैठकमा सीमा अपराध नियन्त्रण, लागूऔषध ओसारपसार नियन्त्रणलगायत बारेमा छलफल भएको थियो ।

यस्तै सीमा क्षेत्रमा हुने अवैध चोरीनिकासी तथा पैठारी नियन्त्रण, अवैध आवतजावत नियन्त्रण, सूचना तथा तालिम आदानप्रदान गर्नेबारेमा विचारविमर्श भएको सशस्त्र प्रहरी बलका सहप्रवक्ता सशस्त्र प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिनुभयो ।

यही कार्तिक २६ देखि २८ गतेसम्म भारतको नयाँ दिल्लीमा सञ्चालित सो बैठकमा गत मङ्सिरमा काठमाडौँमा सम्पन्न आठौँ समन्वयात्मक बैठकबाट पारित एजेण्डा कार्यान्वयको विषयमा समीक्षा भएको थियो । बैठकबाट पारित साझा धारणालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने र आगामी रणनीतिका विषयमा समेत छलफल भएको थियो । **रासस**

### लुम्बिनी प्रदेशको हिउँदे अधिवेशन मङ्सिर ८ गतेदेखि

तुलसीपुर (दाङ), ३० कार्तिक । लुम्बिनी प्रदेशको हिउँदे अधिवेशन मङ्सिर ८ गतेदेखि सुरु हुने भएको छ । प्रदेशसभा सचिव दुर्लभकुमार पुनका अनुसार प्रदेशसभाको सातौँ अधिवेशन ८ मङ्सिर सोमबार आह्वान गरिएको छ । प्रदेश प्रमुख कृष्णबहादुर घर्तीले सोही दिन दिउँसो १ बजेदेखि अधिवेशनको आह्वान गरेको सचिव पुनले जानकारी दिनुभयो । नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम बैठक आह्वान गरिएको हो । **रासस**

### चालु आवको चौमासिक अवधि, २५ स्थानीय तह बजेटविहीन

काठमाडौँ, ३० कार्तिक । चालु आर्थिक वर्षको चार महिना पूरा भए पनि मधेश प्रदेशका २४ स्थानीय तहले बजेट प्रस्तुत गर्न सकेका छैनन् । देशभर हालसम्म कूल सात सय २८ स्थानीय तहले बजेट प्रस्तुत गरे पनि २५ स्थानीय तहले बजेट ल्याउन सकेका छैनन् ।

संवैधानिक व्यवस्थाअनुसार हरेक वर्षको जेठ १५ गते सङ्घीय सरकारले, असार १ गते प्रदेश सरकारले र असार १० गते स्थानीय तहले बजेट प्रस्तुत गर्नुपर्दछ । चालु आवको एक चौमासिक बित्दासमेत मधेस प्रदेशका कुल एक सय ३६ स्थानीय तहमध्ये एक सय १२ स्थानीय तहले बजेट प्रस्तुत गरे पनि २४ स्थानीय तहले प्रस्तुत गरेका छैनन् ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार, सप्तरीको राजविराज नगरपालिका, अग्नीसाइर कृष्णासवरण गाउँपालिका, बलान बिहुन गाउँपालिका, कल्याणपुर नगरपालिकाले बजेट प्रस्तुत गरेका छैनन् ।

यस्तै, सिराहाको धनगढीमाई नगरपालिका, सुखीपुर नगरपालिका, धनुषाको क्षिरेश्वर नगरपालिका, नगराइन नगरपालिका, औरही गाउँपालिका, कमला नगरपालिका, जनकनन्दिनी गाउँपालिकाले चालु आवको बजेट प्रस्तुत गर्न सकेका छैनन् ।

त्यस्तै, धनुषाको धनौजी गाउँपालिका, महोत्तरीको सोनमा गाउँपालिका, मलङ्गवा नगरपालिका, सर्लाहीको हरिवन नगरपालिका र चन्द्रनगर गाउँपालिका तथा रामनगर गाउँपालिका, रौतहटको कटहरिया नगरपालिका, देवाही गोनाही नगरपालिका, फतुवा विजयपुर नगरपालिका, यमुनामाइ गाउँपालिका, बाराको महागढीमाई नगरपालिका, विश्रामपुर गाउँपालिका र पर्साको पकाहा मैनपुर गाउँपालिकाले चालु आवको बजेट हालसम्म प्रस्तुत नगरेको पाइएको छ । त्यस्तै, लुम्बिनी प्रदेशको शुद्धोधन गाउँपालिकाले हालसम्म चालु आवको बजेट प्रस्तुत गरेको छैन । **रासस**

### व्यावसायिक फूलखेतीबाट रु. आठ लाख आम्दानी

अत्तरिया (कैलाली), ३० कार्तिक । कैलालीको धनगढी उपमहानगरपालिका-६ मटियारीकी सुशीला विष्टले व्यावसायिक फूलखेतीबाट राम्रो आम्दानी लिन थाल्नुभएको छ ।

फार्म दर्ता गरेर विगत दुई वर्षदेखि व्यावसायिक फूलखेती गर्दै आउनुभएकी उहाँले फूल बिक्रीबाट मनग्य आम्दानी गर्न थाल्नुभएको हो । दुई बिघा जग्गा भाडामा लिएर व्यावसायिक फूलखेती गर्दै आएको बताउँदै विष्टले फूलबाट वार्षिक रु. २० लाखसम्मको कारोबार हुने गरेको बताउनुभयो । आम्दानी राम्रै हुन्छ । कामदारलगायत सबै खर्च कटाएर वार्षिक रु. आठ लाखसम्म बचत हुन्छ । बान्है महिना फूल उत्पादन हुन्छ, यस वर्षको दसैँतिहारमा मात्र करिब रु. १० लाखबराबरको कारोबार भएको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "मूल्य समयअनुसार फरकफरक हुन्छ । फूल प्रतिकिलो रु. एक सय ५० देखि पाँच सयसम्म र प्रतिमाला रु. ६० देखि रु. एक सयसम्ममा बिक्री गर्ने गरिएको छ ।" उहाँले भन्नुभयो, "चार जनाको परिवार छ । यसबाटै भएको आम्दानीले घरखर्च सहजै चलेको छ । बचत पनि राम्रै हुन्छ । स्वरोजगार बनिएको छ ।"



**टिटी ताल र धौलागिरि हिमाल**
मुस्ताङको थासाङ गाउँपालिका-५ मा अवस्थित टिटीताल र पृष्ठभूमिमा देखिएको धौलागिरि हिमाल । मुस्ताङ घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकका लागि यो ताल उपयुक्त गन्तव्य बनेको छ । *तस्बिर: सुशीलबाबु थकाली/रासस*

## ओझेलमा रेशमखेती विस्तार

- **मोहम्मद सदरुल**

विराटनगर, ३० कार्तिक । विविध कारणले सुनसरीको इटहरी नगरपालिकामा हुने रेशमखेती ओझेलमा परेको छ । रेशम उत्पादन गर्न सरकारले रेशमखेतीका लागि कुनै समयमा रेशम विकास शाखा इटहरीलाई १३ बिघा १० कट्ठा जग्गा उपलब्ध गराएको थियो ।

केही वर्ष पहिले अत्यधिक उत्पादन हुने रेशम अहिले वर्षमा १०० देखि १५० किलोमात्र उत्पादन भइरहेको शाखामा कार्यरत जेटिए गोमा तिम्सिनाले जानकारी दिनुभयो । उहाँले त्यस समयमा रेशमखेतीमा दैनिक १५० देखि २०० मजदुरले काम गर्ने गरेको स्मरण गराउनुभयो ।

रेशमखेतीलाई विकास एवं विस्तार गर्न कोरिया सरकारले नै रेशम विकास शाखाको कार्यालयदेखि अन्य संरचना निर्माण गरी करोडौँ मूल्य पर्ने प्रशोधन मेसिन पनि अनुदानमा उपलब्ध गराएको र अहिले सो मेसिन बन्द अवस्थामा रहेको पाइएको छ । रेशम अहिले बजारमा रु. ६०० प्रतिकिलोमा बिक्री हुने गरेको छ । चमकदार धागो, कपडा, साडी एवं चुन्दरी बनाउन निकै उपयोगी हुने रेशमखेतीलाई विस्तार गर्न सरकारले आवश्यक कदम चाल्नुपर्ने आवश्यकता देखिएको जनाइएको छ ।

नेपालमा विद्यमान विविध हावापानी सुहाउँदो रेशमखेती प्रविधि विकास गर्न, रेशम कृषकलाई सल्लाह सुझाव दिन, रेखदेख गर्न, कृषकको मागअनुसार किम्बु बिरुवा उत्पादन र आपूर्ति गर्न, साना कीरापालन र वितरण गर्न, तालिम प्रदान गर्न र कृषकबाट उत्पादित रेशम कोयाको बजार व्यवस्था गर्न खोपासीको अलावा आठ वटा रेशम फार्म देशका विभिन्न स्थानमा स्थापना भएको पाइन्छ । यही सेरोफेरोमा नै सुनसरीको इटहरीमा पनि रेशम विकास शाखा स्थापना भएको हो ।

अहिले सरकारले कार्यालयको अस्तित्व जोगाउनलाई मात्र अत्यन्त न्यून बजेट दिने गरेको छ । उक्त बजेटले शाखाबाट पर्याप्त रेशम उत्पादन गर्न सम्भव नहुने कृषि ज्ञान केन्द्र सुनसरीका प्रमुख निलकमल सिंहले बताउनुभयो । रेशम विकास शाखाको अधिनमा रहेको जग्गामा सरकारकै तर्फबाट अतिक्रमण भई इटहरी रङ्गशाला, जुटविकास केन्द्र र अख्तियार दुरूपयोग अनुसन्धानको कार्यालय निर्माण भएदेखि अहिले रेशम विकास शाखाको मातहतमा साढे चार हेक्टर जग्गामात्र उपलब्ध रहेको शाखाका प्रमुख शुभ्रत आचार्यले जानकारी दिनुभयो ।

उहाँले २०५२ सालमा स्थापना भएको यो कार्यालयमा कार्यालय प्रमुखसहित छ जना कर्मचारी कार्यरत रहेको यो कार्यालयका लागि यस वर्ष कार्यक्रम सञ्चालन गर्न किम्बु व्यवस्थापनमा रु. पाँच लाख, नर्सरीका लागि रु. दुई लाख र रेशम कोया उत्पादनका लागि रु. दुई लाखमात्र बजेट विनियोजन भएको छ भने कर्मचारीको तलब कृषि ज्ञान केन्द्र सुनसरीमार्फत प्राप्त भइरहेको बताउनुभयो ।

प्रमुख आचार्यले यो कार्यालयको अस्तित्वलाई कायम राख्न एवं क्षेत्र विस्तार गर्न यसलाई छुट्टै राखी पर्याप्त बजेट विनियोजन भएमा यहाँ रेशमखेतीसँगै मौरीपालन र च्याउ उत्पादनको कार्यक्रम पनि सञ्चालन गर्न सकिने र यसबाट राज्यलाई थप योगदान पुगी स्थानीयस्तरमा रोजगारी सिर्जना हुने विश्वास व्यक्त गर्नुभयो ।

कोसी प्रदेश सरकारका पूर्व कृषि तथा सहकारी सचिव मेघनाथ तिमल्सेनाले नेपालजस्तो विविध भौगोलिक बनोट र कृषि-जलवायु भएको देशमा रेशमखेती केवल परम्परागत कृषि मात्र होइन ग्रामीण रोजगारी, महिला सशक्तीकरण, घरेलु उद्योग र निर्यात प्रतिस्थापनको महत्त्वपूर्ण खम्बा रहेको बताउनुभयो ।

उहाँले विसं २०२०/२०४० सम्म नेपालका अनेक पहाडी जिल्लामा रेशम उत्पादनको सुन्दर पहिचान बनाएको इतिहास रहेको जनाउँदै रामेछाप, सिन्धुली, भोजपुर, धरान-धनकुटा, ललितपुर, काभ्रे, नवलपुर, कञ्चनपुर, चितवनजस्ता क्षेत्रमा प्रशिक्षण र उत्पादन भएको बताउनुभयो ।

उहाँले महिला समूह, सहकारी, गाँस-बास-कपडा अवधारणासँग जोडिएको जीविकोपार्जन सीप, कुटीर उद्योग र आत्मनिर्भरता घरघरमा कीरा राख्ने, कोकुन तयार गर्ने, रेशम निकाल्नेजस्ता सीप र उद्यमको विकास भएको उल्लेख गर्नुभयो । **रासस**

## रारा र फोक्सुन्डो ताल स्थलमार्गबाट जोडिँदै

काँक्रेविहार (सुर्खेत), ३० कार्तिक । डोल्पाको त्रिपुराकोट नगरपालिका-१ त्रिपुराकोटबाट जुम्लाको मौरे सडक जोड्नका लागि झन्डै रु. २५ करोडभन्दा बढी लागतमा स्तरोन्नति सुरु भएको छ । रुकुमपश्चिमको आठबिसकोट नगरपालिका-६ त्रिवेणीबाट जुम्ला जोड्ने सडक निर्माण भइसकेको सन्दर्भमा अर्को मार्गबाट पनि जुम्ला जोड्ने काम थालिएको हो

त्रिपुराकोटदेखि मौरे लेकसम्मको सडक स्तरोन्नतिका लागि बजेट विनियोजन भई ठेक्का प्रणालीबाट रु. २५ करोड ९९ लाख ८८ हजार बजेटमा स्तरोन्नतिको काम सुरु भएको भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री शेरबहादुर बुढाले जानकारी दिनुभयो । सडक स्तरोन्नतिपछि जुम्ला र डोल्पाका स्थानीयवासी तथा पर्यटकलाई सहज हुने जनाइएको छ । रारा र फोक्सुन्डो ताल पनि सडकको माध्यमबाट जोडिने बताउनुभयो ।

कर्णालीका दुई प्रमुख पर्यटकीय गन्तव्य नै सडकसँग जोडिएमा दुवै जिल्लाको पर्यटन प्रवर्द्धनमा टेवा पुग्नुका साथै स्थानीयले पर्यटक लक्षित व्यवसाय गरेर आर्थिक उपार्जनसमेत गर्न सक्ने उहाँले बताउनुभयो । त्यसैगरी, चुँगार्ड, लिकू हुँदै बलाङ्ग्रा जोड्ने सडकका लागि रु. चार करोड बजेट छुट्याइएकाले थपेर कामको सुरुआत हुने बताउनुभयो ।

बहुवर्षीय योजनाका रूपमा कार्यान्वयन भएको यस सडकखण्डले त्रिपुराकोट, छल, काइगाउँ, मौरेलेक, जुम्ला हुँदै मुगुको राराताल जोड्ने सडकका रूपमा लिइएको डोल्पास्थित पूर्वाधार विकास कार्यालयका प्रमुख टेक हितानले जानकारी दिनुभयो । दुई वर्षभित्र स्तरोन्नति सक्नुपर्ने सडकको सम्झौता भने गत असारमा भएको थियो । निर्माण कम्पनीले त्रिपुराकोट-मौरे सडकको कुल लम्बाइ ६८ किलोमिटर छ । उक्त सडकको मार्ग खुलाउने कार्य यसअघिनै भइसकेकाले यो बजेटबाट पवित्र धार्मिक क्षेत्र बुढाल मष्ट मन्दिर-छलसम्म नालासहितको ग्राभेल सडक निर्माण गरिने उहाँको भनाइ छ । **रासस**

## मच्छिमको तामाखानी उत्खननका लागि अध्ययन सुरु

म्याग्दी, ३० कार्तिक । धवलागिरि गाउँपालिका-७ मच्छिममा रहेको तामाखानी उत्खननका लागि अध्ययन थालिएको छ ।

खानी तथा भूगर्भ विभागबाट अनुमति पाएको कम्पनी 'एमएस दोडयी मिनरल्स' प्रालिले तामाखानीको खोजतलास तथा उत्खननका लागि अध्ययन थालेको हो । मच्छिम गाउँदेखि नजिकै रहेको पाखोमा छ ठाउँमा रहेका तामाखानी पाँच दशकदेखि बन्द अवस्थामा छन् ।

धवलागिरि-७ का वडाध्यक्ष अशोक खत्रीले भूगर्भविद्हरूको टोली खानीमा तामाको मात्रा पहिचानका लागि अध्ययनका लागि आएको बताउनुभयो । उहाँले भन्नुभयो, "गत हप्ता आएको टोलीले पहिलो चरणमा तामाखानी भएको ठाउँको निरीक्षण गरेको थियो । टोलीले खानी भएको ठाउँसम्म जाने पहुँचमार्ग निर्माणका लागि पनि छलफल गरेको छ ।"

खानीको खोजतलास र सम्भाव्यता अध्ययन गरेपछि अर्को चरणमा उत्खननको प्रक्रिया अघि बढाइने वडाध्यक्ष खत्रीले बताउनुभयो । स्थानीयले खानी उत्खननका लागि अध्ययन थालिएकामा खुसी व्यक्त गरेका छन् । वातावरणीय र विपद्जन्य घटना हुन नदिन सतर्कता अपनाउन तथा रोजगारीमा प्रभावितलाई प्राथमिकता दिनुपर्ने मच्छिमका बासिन्दा कुलबहादुर छन्त्यालले बताउनुभयो । उहाँका अनुसार मच्छिमको खानीबाट विसं २०२८ सम्म स्थानीय प्रविधिको प्रयोग गरेर तामा निकाल्ने गरिन्थ्यो ।

प्रविधिको अभाव र आम्दानीभन्दा बढी राज्यलाई कर तिर्नुपर्ने अवस्था आएपछि त्यसबेला तामाखानी बन्द भएको छन्त्यालले बताउनुभयो । तामाखानी उत्खननका लागि आएका छन्त्याल समुदायले मच्छिममा बस्ती बसाएको इतिहास छ । छन्त्याल समुदायको पुर्ख्यौली पेसा खानी खन्ने हो ।

त्यहाँ अझैसम्म पनि तामाका धाउ देख्न सकिन्छ । तामाखानीका सुरुङ छन् । स्थानीयहरूले त्यही सुरुङबाट भित्र छिरेर घन, छिनोको प्रयोग गरेर तामा निकाल्ने गरेका थिए । उक्त कम्पनीले मालिका गाउँपालिकाको ओखरबोट तामाखानीमा पनि सम्भाव्यता अध्ययन गरिरहेको छ । खानी तथा भूगर्भ विभागका अनुसार म्याग्दीमा तामा, फलाम, क्वार्ज, कप्रक, चुनढुङ्गा, खरिढुङ्गा, स्लेटढुङ्गा, मार्बल र तातोपानीका मुहान (हटस्पिड) पाइन्छन् । जिल्लामा बढी पाइने खनिज पदार्थमा तामा प्रमुख हो । **रासस**

। सम्पादकीय ।

# पुँजीपतिवर्गलाई पोस्ने सरकारले श्रमजीवी जनताको हित नगर्ने

सत्तासीन दलका नेताहरू दूरदर्शी र देश र जनताप्रति जिम्मेवार नहुँदा देशको स्थिति झन्झन् दयनीय हुँदै गएको छ। शासकहरू जिम्मेवार नभएकै कारण कुनै पनि सरकार पूरा अवधि टिकेन। सत्तासीन दलका नेताहरूप्रति जनताको विश्वास गुम्दै गयो। दलका नेताहरूले देश र जनताप्रति समर्पित भएर काम गरेका भए जनताको विश्वास गुम्ने थिएन; सरकार अस्थिर हुने थिएन। जेन-जी आन्दोलनको क्रममा भएको ध्वस्त भवन तथा कार्यालयहरूको पुन: निर्माण र जीर्णोद्धार गर्न विकासको बजेट कटाउनुपर्ने स्थिति आयो। यसले विकासमा बाधा पुऱ्याउँछ। विकासमा पछि पर्छ। तोडफोड र आगजनी विकास नचाहने, देशलाई परनिर्भर बनाएर देशको रकम विदेशमा पठाउने षड्यन्त्रकारीहरूदेखि सरकार, राजनीतिक दल र आम जनता सचेत हुनुपर्छ। जहिलेसम्म जनता जागरुक हुँदैनन्; समाज परिवर्तनको निम्ति अघि बढ्दैनन् तबसम्म देश पछि परिरहनेछ। सचेत नभएका कारण जनता लोभलालचमा फसिरहे। चेतनाको कमीको कारण श्रमजीवी जनता श्रमजीवी जनतामाथि शोषण गर्ने दलकै पछि लागिरहे। सामन्त, शोषक, पुँजीपति, जालीफटाहा र भ्रष्टाचारीहरूको विरोधमा लाग्नुपर्ने जनता लोभमा परेर उनीहरूको पक्षमा लागेको कारण देशमा एकपछि अर्को सङ्कट निम्तिएको हो।

राजनीतिक विश्लेषक, अर्थविद् र बुद्धिजीवीहरूले प्रश्न गर्न थालेका छन्, देशमा कुन क्षेत्र राम्रो ढङ्गले अघि बढिरहेको छ ? देशमा भ्रष्टाचार व्याप्त छ। दण्डहीनता र बेथिति देशको जल्दोबल्दो समस्या भएको छ। भ्रष्टाचारीहरू कारबाहीमा पर्दैनन्; भ्रष्टाचार अन्त्य गर्ने पहल पनि सत्तासीन दलका नेताहरू गर्दैनन्। देशलाई जहिल्यै बढी भ्रष्टाचार हुने देशको सूचीमा कहिलेसम्म राख्ने ? शासकहरू यसबारे किन गम्भीर छलफल गर्दैनन् ? खालि सत्तामा टाँसिर, भागबन्डा र गठबन्धनमा अल्झेर के देश विकास हुन्छ ? कृषि पेसा पनि सन्तोषजनक छैन। कहिले बाढी पहिरोले पुर्ने, कहिले डुवानमा पर्ने, कहिले हावाहुरीले त कहिले असिना वर्षाले बाली बिगारेको हुन्छ। युवाहरू विदेश पलायन भएको कारण कृषि भूमि बाँझो छ; बाँझो जग्गालाई प्रयोग गरिएको भए उत्पादन बढ्थ्यो; खाद्यान्नमा आत्मनिर्भर हुन्थ्यो; स्वदेशी रकम बिदेसिँदैनथ्यो। जनताको जीवनस्तर बढ्थ्यो; युवाहरूले स्वदेशमै काम पाउँथे। आफ्नो परिवारको जोहो गर्न सहज हुन्थ्यो। समयमा रासायनिक मल नपाउने, मल गुणस्तरहीन हुने, सिँचाइको बन्दोबस्त नहुने, कृषि औजारहरू सर्वसुलभ र सस्तो नहुने, उत्पादित सामान बिक्री गर्न बजारको व्यवस्थित बन्दोबस्त नहुँदा देश परनिर्भरमा अडेको छ। भनिन्छ, नेपालमा ५० अर्बभन्दा बढी चामल बर्सेनि आयात हुन्छ।

देशमा उद्योगधन्दा, कलकारखाना र सरकारी संस्थाहरू स्थापना गरी जनताको निम्ति आवश्यक आधारभूत सामग्री सरकारले उत्पादन गर्न सकेको छैन। आधारभूत आवश्यकता परिपूर्ति गर्ने र स्वदेशमै रोजगारीको अवसर दिनेतर्फ सरकारको ध्यान गएको देखिँदैन। युवाहरूको विदेश पलायन घटेको देखिँदैन। चलेका सरकारी उद्योगहरू बन्द छन्। कति उद्योग घाटामा छन् भनी विगतको सरकार निजीकरण गर्नेतर्फ उन्मुख देखियो। घाटाको निहुँमा कति उद्योग निजीकरण गरियो। चलेको उद्योगमा सरकारले कर उठाउन सकेको छैन। कति उद्योगी व्यवसायीलाई सरकार कर मिनाहा गर्छ। ऋण तिर्न ऋण लिने सरकार ठूलठूला व्यापारी या उद्योगपतिहरूलाई कर मिनाहा गर्दै खुसी पार्छ। सरकारलाई देश डुब्ने, देशको अर्थतन्त्र तहसनहस हुनेतर्फ चिन्ता छैन। सरकार प्रगतिशील कर लागु गर्दैन। उद्योगी व्यापारीको दबाबमा कर मिनाहा गर्ने सरकारले देशलाई कसरी समृद्ध बनाउँछ ? भएका उद्योग बन्द गरेर कौडीको मूल्यमा उद्योग र जग्गा बेच्ने सरकार पुँजीपतिवर्गको पक्षपोषण गर्छ। पुँजीपतिवर्गलाई पोस्ने सरकारले श्रमजीवीवर्गको हित गर्दैन।

देशमा सुशासन र विधिको शासनको साथै शान्ति र सुरक्षा पनि आवश्यक छ। तर, देशमा न शान्तिको वातावरण छ न त सुरक्षित नै छ। निजी र सार्वजनिक सम्पत्ति जलिरहेको बेला सरकार तमासे बन्यो; सत्तासीन नेताहरू भाग्न बाध्य भए। शान्ति सुरक्षा दिने पहरेदारहरू कता गए ? देशमा अराजकता बढ्दै छ; भ्रष्टाचार व्याप्त छ। अपराधीहरू सजायभागी हुँदैनन्। शिक्षाको स्थिति पनि दयनीय छ। कति स्कूल र कलेज बन्द छन् त कति बन्द हुने स्थितिमा छ। शैक्षिक स्तर पनि गिरेको छ। विदेशमा पढ्न जानेको सङ्ख्या बढ्दै छ। नेपालमै स्वास्थ्योपचारको बन्दोबस्त भए पनि कति नेताहरू उपचारको निम्ति विदेश जान्छन्। विदेशमा उपचार गर्छन्। भ्रष्टाचारीहरू सत्तासीन दलका नेताहरूको काखी च्याप्छन्। भ्रष्टाचारी, कमिसनखोर र अपराधीहरूसँग शासकहरू चन्दा उठाउँछन्। उनीहरू शासक वरिपरि घुमेर उनीहरूको संरक्षण गर्छन्। यस्तो आपराधिक क्रियाकलापले कसरी सुखी नेपालीको कल्पना गर्न सकिन्छ ?

# समाजवादी चीनको प्रकृति चेत

✍ रविन

प्रकृतिले पनि नेपाली भूमि र तिब्बती भूमि छुट्याउँदो रहेछ। काठमाडौँबाट तिब्बतको ल्हासातिरको हवाईजहाजको यात्रामा हिमालवारिका पहाडहरू हरिया जङ्गलले ढाकेको रमणीय दृश्य देखिन्छ भने हिमालपारिका पहाडहरू सुख्खा र उजाड देखिन्छ। रुख बिरुवाबिनाका पहाडहरू पोशाकबिनाको शरीरझैँ उराठलाग्दा

*निश्चय पनि भौतिक विकासलाई पर्यावरणमैत्री बनाउन सजिलो छैन। तर, राजनैतिक व्यवस्था र नेतृत्वको सही दिशानिर्देशले जनतामा पर्यावरणप्रति चेत खुल्ने र मानवीय आवश्यकतालाई प्रकृतिमैत्री बनाउने दृष्टिकोणको विकास हुने रहेछ भन्ने उदाहरण तिब्बती भूमिमा देख्न सकिन्छ। वातावरणको विनास गरेर मानव सभ्यता अघि बढ्न सक्दैन। तर, पुँजीवादी समाजमा आफ्नो स्वार्थका लागि अरु जेसुकै होस् भन्ने नाफाखोर मानसिकताले पृथ्वीको अस्तित्व नै सङ्कटमा परिरहेको छ।*



देखिन्छन्। तिब्बती पठारभन्दा कैयौं गुणा नेपाली पहाड सुन्दर छन्। ल्हासाबाट नेपाल फर्किँदा पनि तिब्बती पठार नाघेर नेपाली हरियो भूमि देख्दा जोकोहीको आँखा लोभिनुलाई अस्वाभाविक भन्न मिल्दैन। प्रकृति नै यस्तो छ।

प्रकृतिले ठगेर पनि राजनैतिक प्रणाली जनताको अनुकूल हुँदा ल्हासा र शाननानले विकासमा कोल्टे फेरेको अनुभव हुन्छ। नेपालको प्रकृति निकै अनुकूल छ, तर यहाँको राजनैतिक प्रणाली जनभावनाबमोजिमको नहुँदा हामी नेपाली जनताले आफू ठगिएको अनुभव गरिरहेका छौं। चिनियाँ जनता समाजवादी अर्थतन्त्रसहित विश्व जगत्सँग प्रतिस्पर्धा गर्दै छन् भने हामी नेपाली जनता पुँजीवादी व्यवस्थाको शोषण, दमन र विभेदमा पिल्सिएर एक कुनामा थन्किएका छौं।





यथार्थ यही नै हो।

एक समयमा चीनकै पिछडिएको भनिने तिब्बत अहिले फराकिला र चिल्ला सडक सञ्जाल, रेल्वे सञ्जाल, एक्सप्रेस वे, अग्ला र सुविधासम्पन्न भवनहरूसहित आधुनिक विकासमा तीव्रगतिमा अघि बढिरहेको छ। रातको समय पनि दिउँसोजस्तै झिलिमिली बत्तीको व्यवस्थाले तिब्बती सहरले कुनै विकसित सहरभन्दा आफूलाई पछाडि पारेको देखिन्न। 'जनताको खल्तीमा पैसा र मुहारमा हाँसो !', यही नाराका साथ चिनियाँ सरकारले तिब्बती जनताका सबै आधारभूत आवश्यकता पूर्ति गर्ने अभिभावकीय जिम्मेवारी बहन गरेको सुन्दा हामीलाई सपनाजस्तै लाग्छ। शिक्षा, स्वास्थ्य उपचार सेवा, आवास, बिजुली र इन्टरनेट सेवालाई समेत जनताको आधारभूत आवश्यकताको महत्त्वपूर्ण अवयव मानिनु आफैँमा सभ्य र आधुनिक समाजको परिचय हो भन्दा अत्तियुक्ति नहोला।

भौतिक विकासलाई वातावरण विनाससँग जोडिनु सबैको सामान्य बुझाइ बनिसकेको छ। अर्थात्, सडक पुगेसँगै वन विनास र भू-क्षय हुने, औद्योगिक विकाससँगै धुवाँ, धुलोसहित वायु प्रदूषण तथा जल प्रदूषण हुने, सहरीकरणसँगै दृश्य प्रदूषण र अपराधीकरण बढ्ने पुँजीवादी विकासको शैली बनेको छ। तर, ल्हासा र शाननान सहरले विकासको यो सामान्य बुझाइलाई फेरेका छन्। यहाँको भौतिक विकास शैली पर्यावरणमैत्री छ। सडकको दुवै छेउ तथा मध्य भागमा समेत हरियाली व्यवस्थापन गरिएको, सडक पेटीमा रङ्गीचङ्गी फूल फुलेका बिरुवाहरू तथा सँगैको घरको बनौटलाई असर नपर्ने गरी रुखहरू रोपिएका छन्। सडकमा धुलोको त कुरै छाडौं, माटोको सतहसमेत देखिन्न। ती सतहहरू या त हरिया घाँसे मैदानले छोपेका हुन्छन् अथवा स-साना गोलाकार ढुङ्गाहरू बिछ्याइएका हुन्छन्।

ऐतिहासिक सम्पदास्थलहरू, चौडा सडकका बिचमा रहने डिभाइडर तथा चौबाटोहरूको बिचमा समेत आकर्षक ढङ्गबाट बगैंचा व्यवस्थापन गरिन्छ। बगैंचा र हरियाली व्यवस्थापनले सहरी सौन्दर्यकरण बढाउने कार्यमात्र नगरी जनताको आँखालाई आनन्द प्रदान गर्ने र मानसिक तनाव न्यूनीकरणमा समेत सहयोग गर्ने तिब्बतीहरूको मान्यता छ।

भक्तपुर नगरपालिका क्षेत्रमा जस्तै शाननान सहरमा बिहान सबेरै कर्मचारीहरूले सडक बढार्छन्। सफाइ मजदुरहरू हाते गाडा र फोहर सङ्कलन गर्ने तीनपाङ्ग्रे सवारी साधन (ट्राइसाइकल) लिएर आउँछन्। गीत बजाउँदै फोहर सङ्कलन गर्ने गाडी बस्तीमा सुस्तरी गुडिरहँदा स्थानीय जनता र पसल व्यवसायीहरूले आ-आफ्नो घर तथा पसल व्यवसायबाट बोरा वा भाँडोमा फोहर ल्याउँछन् र गाडीमा राख्छन्। त्यससँगै सडकको भुइँ बढार्ने मेसिनजडित गाडी (बुमर) पनि आइरहेको हुन्छ। रुख बिरुवा तथा फूलका बोटहरूमा बिहान र बेलुकी आवश्यकताअनुसार गाडीबाट नै पानी दिइन्छ। ओइलाएका फूल तथा झरेका पातहरू टिप्ने कार्य कर्मचारीहरूको दैनिकीझैं बन्छ। सडक पेटीमा विभिन्न आकार र रङ्गका डस्टबिनहरू राखिएका हुन्छन्। बटुवाहरू कसैले पनि सडकमा प्लास्टिकका टुक्रा, पानीका बोटल वा केराका बोक्रा फाल्दैनन्। सडक सरसफाइले नै समाजको सभ्यताको परिचय दिइरहेको अनुभव हुन्छ।

हाइवे, एक्सप्रेस वे (हामी राजमार्ग भन्छौं) को दुवैतिर घर तथा पसलहरू हुने हाम्रो कल्पना तिब्बतमा मेल खाँदैन। त्यहाँका सडकका दुवै किनारामा बैंस, लहरे पिपल र अन्य जातका रुख बिरुवाहरू रोपिएका छन्। मानव बस्ती हाइवेभन्दा निकै टाढा व्यवस्थितरूपमा बसालिएका छन् र बस्तीमा जाने अलग्ग सहायक सडकहरू (सब वे) हरू छन्। सडक किनारामा रहेका खोलाको बगर होस् वा पहाडी भूभाग, सबैतिर वृक्षरोपण गरिएका छन्। जहाँतहीँ रुखबिरुवालाई सिँचाइ गर्न पाइपको सञ्जाल बनाइएको छ र निश्चित दुरीमा पम्प हाउस बनाएर त्यसमार्फत समय समयमा सिँचाइ गर्ने बन्दोबस्त मिलाइएको छ। तिब्बती सुख्खा पहाडहरूलाई हरियो वनले ढाक्ने योजनासहित तिब्बती जनता वर्षौंपिच्छे वृक्षरोपण गर्ने मेला मनाउँदा रहेछन्। वातावरण संरक्षण कार्यमा जनसहभागिता बढाउने गज्जबको आइडिया र तिब्बती जनता आफ्ना सन्तानलाई जस्तै रुखबिरुवालाई माया गर्दा रहेछन्।

खोलाको बगरमा लाखौं सङ्ख्यामा बैंसका रुखहरू रोपिएको देख्दा मनमा किन बैंसमात्र भन्ने कौतुहलता जाग्नु अन्यथा होइन। प्रत्युत्तरमा तिब्बती साथीको जवाफ रह्यो, "तिब्बतमा सुख्खा मौसममा लाग्ने चिसो हावाको स्याँठसँगै बगरमा हुने बालुवा उडेर मानव बस्तीमा आउनबाट बैंसका रुखहरूले रोक्छन्। त्यस्तै, बर्खामा खोलामा बाढी आएर बगर जलमग्न हुँदासमेत बैंसको रुख मर्दैन।" तिब्बती जनताको अनुभवले सिकाएको तर्क सही हो। काठमाडौँ उपत्यकावासीहरूले पनि खोलाको दुवै किनारामा बैंसका रुखहरू रोपेर बगर बचाउने र फाँटमा बाढी पस्नबाट रोक्ने परम्परागत अभ्यास अझै रहेको देख्न सकिन्छ।

ल्हासाबाट शाननान सहर जाने बाटो र अन्य क्षेत्रमा ठाउँ-ठाउँमा कङ्क्रिट कारखाना, रेडिमिक्स प्लान्ट (बालुवा, रोडा र सिमेन्ट मिसाउने प्लान्ट) र सिमेन्ट कारखानाहरू देखिन्छन् तर कतै पनि भू-क्षय (पहिरो गएको) देखिँदैन। नेपालका पहाडहरूमा ढुङ्गा खानी, बालुवा खानी सञ्चालन गरिँदा प्राकृतिक स्रोतको चरम दोहनको कारण हुने पहिरोको दृश्य त्यहाँ कतै पनि देखिँदैन। खानी सञ्चालन गरिएका वा सिमेन्ट कारखाना राखिएका हरेक ठाउँमा वरिपरिको डाँडालाई हरियाली बनाउने योजना पनि सँगसँगै चलाइन्छ। मानव बस्तीभन्दा निकै टाढा राखिएका ती खानी तथा कारखानाहरू वरिपरि बगैंचा तथा जङ्गलको विकास गरिएका छन्।

नेपाली समाजमा जहाँतहीँ पहाडको टुप्पो तथा गराहरूमा समेत बस्ती हुन्छन्। अप्ठेरा भीरपाखा र चट्टानमुनि पनि घर तथा छाप्राहरू हुन्छन्। तर, तिब्बती डाँडाहरूमा मानव बस्ती देखिन्न। सरकारी नीति नै रहेछ,

बाँकी पृष्ठ ७ मा

# जारशाही संसद्मा बोल्शेभिक सांसद – १३

● ए. बादायेभ

*(धातु मजदुर अलेक्सेइ बादायेभ बोल्शेभिक कार्यकर्ता थिए । उनी पुरानो बोल्शेभिक गार्डका सदस्य थिए । सन् १९१२ मा रुसी संसद् 'ड्युमा' को चौथो निर्वाचन भयो । यसलाई चौथो ड्युमा/संसद् भनिन्छ । बादायेभ पिटर्सबर्ग सहरबाट सांसद् बने । बादायेभलगायत पाँच बोल्शेभिक कार्यकर्ता संसद्मा निर्वाचित भएका थिए ।*

*सन् १९१४ को अगस्तमा प्रथम विश्वयुद्ध सुरु भयो । युरोपका साम्राज्यवादी देशहरू गरिब उपनिवेशका प्राकृतिक स्रोतसाधन लुछाचुँडी गर्न नृशंस युद्धमा होमिए । त्यही वर्ष नोभेम्बर महिनामा बोल्शेभिक सांसदहरूलाई पक्राउ गरी साइबेरिया निर्वासनमा पठाइयो ।*

*सन् १९१७ मा लेनिनको नेतृत्वमा महान् अक्टोबर समाजवादी क्रान्ति भयो । क्रान्तिका १५ वर्षपछि सन् १९२९ मा बादायेभको आत्मवृत्तान्त प्रकाशित भयो । पुस्तकको नाम थियो - 'जारशाही संसद्मा बोल्शेभिक सांसद' (The Bolsheviks in the Tsarist Duma) । यो पुस्तक बादायेभको निजी अनुभव, टिपोट र ऐतिहासिक दस्तावेजहरूमा आधारित छ ।*

*सन् १९०५ को क्रान्तिपछि क्रान्तिकारी उभार कसरी सेलायो ? संसद्मा बोल्शेभिक पार्टीको नीति र कार्यशैली कस्तो थियो ? जारशाही रुसका विसङ्गतिहरूलाई बोल्शेभिक सांसदहरूले कसरी उदाङ्गो पार्दै गए ? रुसका कामदार जनतालाई राजनीतिक शिक्षा दिन संसद् र 'प्राभ्दा' पत्रिकाको भूमिका कस्तो रह्यो ? क्रान्तिकारी सङ्घर्ष के-कस्ता उतारचढावबाट गुज्रियो ? सन् १९१७ को अक्टोबर समाजवादी क्रान्तिले कस्तो परिवेशमा आकार लियो ? यी तमाम विषयको जीवन्त चित्रण छ पुस्तकमा । यस हिसाबले बादायेभको आत्मवृत्तान्त संसद्को क्रान्तिकारी उपयोगबारे एक गम्भीर साहित्य तथा ऐतिहासिक दस्तावेज पनि हो । अक्टोबर क्रान्ति दिवसको अवसरमा 'मजदुर' दैनिकमा यही पुस्तकको अनौपचारिक अनुवाद प्रस्तुत छ । सम्पादक)*





यी प्रश्नबारे डिसेम्बर १४ को संसद्मा छलफल गर्ने तय भएको थियो । क्रिसमस पर्वभन्दा अगाडि सदनको सत्र अन्त्य हुँदै थियो । हाम्रो समूहले मलाई प्रश्न गर्ने जिम्मा दियो । सुरुमा मैले ट्रेड युनियनमाथि गैरकानुनी कारबाहीको भण्डाफोर गर्नुपर्ने थियो । यसपछि प्रश्नको सान्दर्भिकताको प्रतिरक्षा गर्ने बहानामा मैले मूल प्रश्न राख्नुपर्ने थियो । अन्त्यमा मैले क्रान्तिकारी सङ्घर्षको माध्यमबाट मात्र जनताले आफ्नो अवस्थामा सुधार ल्याउन सक्छन् भनी प्रमाणित गर्नुपर्ने थियो । मजदुरका सांसदहरूले राख्ने मन्तव्यको विषयवस्तु र शैली यस्तो हुन्थ्यो ।

संसद्मा मेरो मन्तव्यको खाका त्यस्तो थियो । सदनका प्रतिक्रियावादी बहुमतलाई हाम्रो मन्तव्य असह्य थियो । मजदुरका सांसदहरूको सिधा, सटिक र तीखा प्रश्नले कालासय 'राजभक्त' हरू रिसले आगो भए । हाम्रो मन्तव्यमा सेन्ट पिटर्सबर्गका मजदुरहरूको अवस्थाबारे वर्णन गर्न थालेपछि उनीहरू रिसले मुर्मुरिन थाले । पिटर्सबर्गका मजदुरहरूबिच क्रान्तिकारी आन्दोलन बिस्तारै बढिरहेको तथ्य तुराइद दरबार (सदन) ले महसुस गर्दै थियो । त्यसकारण, हामीले मजदुरहरूलाई सङ्घर्ष तीव्र पार्न अपिल गर्दा राजाका बफादार मतियारहरू आक्रोशित हुनु स्वाभाविक थियो । मजदुरहरूको सङ्घर्ष तीव्र भएको खण्डमा ढिलोचाँडो जारशाही र उसका आसेपासेहरूको दबदबा बढारिने उनीहरूले बुझेका थिए ।

मजदुरका सांसदहरूलाई अल्मल्याउन र तर्साउन तिनका कुरालाई बिचबिचमा काट्न सदनको बहुमत पक्षले यिनै चाल अपनाउँथे । खासगरी मजदुर सांसदले पहिलोपल्ट बोल्दै छन् भने उनीहरूलाई यसरी त्याखऱ्याख्ती पारिन्थ्यो । बहुमत सांसद र सभामुखले सदनमा मनलाग्दी गर्थे । उनीहरू मजदुर सांसदको पहिलो मन्तव्यलाई अन्तिम बनाउन मरिहत्ते गर्थे । उनीहरू ती सांसदको मुख थुन्न तिनको सातो खान खोज्थे । तुराइद दरबारमा चौथो संसद्को कार्यकालभरि एकपल्ट पनि मुख नखोली बस्ने बहुमत सांसदहरूले गर्ने गर्थे । मजदुर सांसद पनि उसरी नै बसून् भन्थे उनीहरू । संसद्को माहोलका कारण मजदुर सांसदहरू कतिसम्म आलसतालस हुन्थे भने तिनीहरू दबुमै टाँसिएजस्ता हुन्थे र तिनलाई त्यहाँबाट बाहिर निकाल्न मानौँ बल नै लगाउनुपर्थ्यो ।

प्रत्येक मजदुर सांसदहरू सदनमा पहिलो मन्तव्य राख्दा यसरी नै थर्कमान हुन्थे । बोल्नै अत्यासिनुपर्ने यो अनुभव लगभग सबैको हुन्थ्यो । म दबुमा उक्लिँदा मैले आफ्ना प्रतिनिधिहरूलाई मजदुरहरूले दिएको जिम्मेवारी महसुस गरेँ । सदनमा मैले राख्ने मन्तव्य मजदुरहरूका कानुनी र गैरकानुनी बैठकहरूमा दिँदै आएको भाषणजस्तो हुने कुरै भएन । यहाँ हामी मजदुरहरूका प्रतिनिधिहरू शत्रुको ठीक सामुन्ने उभिन्थ्यौँ । युगौँदेखि मजदुरवर्गमाथि अन्याय-अत्याचार गर्नेहरूका अगाडि खडा हुन्थ्यौँ । हामीले कुनै पनि संसदीय बहानाबाजी वा दाउपेच प्रयोग नगरी सम्पूर्ण जनताले सोचिरहेको कुरा सिधा र खुला रूपमा राख्नैपर्थ्यो । हाम्रो अभिव्यक्तिमा जनताका प्रत्येक इच्छा-आकाङ्क्षा प्रतिबिम्बित हुनुपर्थ्यो र विद्यमान व्यवस्थाका प्रतिनिधिहरूविरुद्ध जनताले गर्ने सबै तर्कको वाण हान्नुपर्थ्यो ।



मजदुर सांसदले बोल्ने शब्द-शब्दमा सबैको ध्यान हुन्थ्यो । संसद् भवनभित्र मात्र होइन, रुसका करोडौँ सर्वहारा जनताले हाम्रो कुरा सुन्थे । उनीहरू हामीलाई आफ्नो हितका रक्षक ठान्थे । सदनमा हामीले दिने भाषण र गर्ने अपिलमा मजदुर जनताको क्रान्तिकारी भावना गुञ्जिन्थ्यो । हाम्रो आवाजले शत्रुविरुद्ध तिनको सङ्घर्ष थप सशक्त बन्थ्यो । सदनको ढोकादेखि नै हामीले मजदुरवर्गको उच्च मनोबल देखाउँथ्यौँ । लामो समयदेखि रुसी सर्वहारावर्गको मनमा जम्मा भएको शक्ति हामीले प्रदर्शन गर्थ्यौँ ।

जारशाही निरङ्कुशतन्त्रको मुकाममै पुगेर आफ्नो पहिले मन्तव्य राख्न हामीलाई हम्मेहम्मे पर्थ्यो । कालासयहरूको स्याल हुइँयाविरुद्ध आफ्नो कुरा राख्न ठुलै आँट चाहिन्थ्यो । सभामुखले बारम्बार वक्तालाई टोकिरहन्थे । उनलाई पेलेरै मजदुरवर्गको राजनीतिक र आर्थिक दासत्वको वर्णन गर्नुपर्थ्यो, दमनकारीहरूलाई लल्कार्नुपर्थ्यो ।

सदनमा सांसदहरूलाई दण्ड लाग्दैन र तिनलाई 'अभिव्यक्ति स्वतन्त्रता' छ भन्नु जारशाही झूटमात्र थियो । सरकार मजदुर सांसदहरूलाई एकै घानमा ठेगान लगाउन उपयुक्त निहुँ खोजिरहेको हुन्छ भन्नेमा हामी प्रस्ट थियौँ । दोस्रो संसद्का सामाजिक जनवादी सांसदहरूको मुद्दा हाम्रो दिमागमा ताजै थियो । तिनीहरूलाई सशरीर श्रम शिविरमा पठाइएको थियो । "सदनका कतिपय व्यक्ति मन्त्री बन्न सदनको मञ्च छोड्थे तर मजदुर सांसदहरू भने अपराधी बन्ने अपजस खेप्न मञ्च छोड्थे ।" लेनिनले मजदुर सांसदहरूको सम्भावित भाग्यलाई यसरी सटिक शब्दमा उतार्नुभएको थियो । तर, विपत्ति यत्तिमै टुङ्गिँदैनथ्यो । हाम्रा मन्तव्यहरू जतिजति साहसी हुँदै जान्थे हामीले उति नै अप्ठ्यारा पहाड उक्लिनुपर्थ्यो । सांसदहरूले भोग्नुपर्ने दण्डले गर्दा उता मजदुरहरू भने झन्झन् शिक्षित बन्दै जान्थे र क्रान्तिकारी सङ्घर्षमा अझ दृढ बन्दै जान्थे ।

सुरुमा त समग्र सदनले मेरो कुरा बडो ध्यान दिएर सुन्यो । साँझको समय थियो । तुराइद दरबार बत्तीले झलमल्ल थियो । मन्त्रीहरूको कक्ष सरकारी अधिकारीले भरिभराउ थियो । सँगैको अर्को कक्षमा प्रेस प्रतिनिधिहरू थिए । जनसाधारण बस्ने बार्दलीमा मान्छेको घुइँचो थियो । उच्च अधिकारीहरूका पत्नीहरूले एक ताल्चा बनाउने मजदुर संसद्मा कसरी प्रस्तुत हुँदो रहेछ, के भन्नो रहेछ भनी दूरबिनले उत्सुक आँखाले मतिर हेर्दै थिए । अर्कोतर्फ जसोतसो सदनको टिकट हात पारेर भित्र पसेका मुट्ठीभर मजदुरहरू सासै रोकेजस्तो गरेर मेरा एकएक शब्द समाउन बसेझैँ त्यहाँ बसिरहेका थिए; आफ्ना सांसदको मन्तव्य सुन्दै थिए ।

रोद्जान्कोको मोटो शरीर सभामुखको आसनमा गजधम्म बसेको थियो । उनले आफ्नो घण्टी तयार पारे र ध्यान जति मेरो मन्तव्य सुन्नमा लगाए । मेरो मन्तव्यमा हलो अड्काउन पाइन्छ कि भनेर उनी ढकिबस्न थाले ।

अघिका सबै कुरा राखे पनि मलाई मन्तव्यको निष्कर्ष सुनाउन दिइएन । मजदुरवर्गको दुर्दशा र सरकारले तिनको जीवन कस्टकर बनाइरहेको विषय छुनेबित्तिकै सभामुखले मेरो कुरा काटिदिए ।

मैले दबु छोड्दै गर्दा सदनको दुवैतिर तालीको गडगडाहट सुनियो । वामपन्थीहरूले मेरो मन्तव्यमा समर्थन जनाउँदै ताली बजाए । उता एक मजदुर सांसदलाई तह लगाइदिएकोमा दक्षिणपन्थी र मध्यमार्गीहरूले रोद्जान्कोलाई बधाई दिँदै ताली पड्काए ।


ट्रेड युनियन खारेजीको विषयमा मैले राखेको प्रश्नलाई कालासय बहुमतले अस्वीकार गर्ने नै भयो । सामाजिक जनवादी समूहले राखेको दोस्रो प्रश्नलाई पनि यसरी नै किनार लगाइयो । त्यो प्रश्न बैठक बस्नमाथि लगाइएको रोक्का र बीमा आयोगको निर्वाचनसँग सम्बन्धित थियो । यसबारे सदनको एउटै बसाइँमा डिसेम्बर १४ को दिन छलफल भयो । दुवै मुद्दालाई संसद्ले 'असान्दर्भिक' भन्दै अस्वीकार गऱ्यो । हाम्रो प्रश्नलाई प्रश्नोत्तर आयोगमा पठाइयो र त्यही थन्कोमन्को लगाइयो । मजदुरवर्गले जमिनदार र कुलिनहरूको सदनबाट अर्थोक निर्णय आउने कल्पनै गर्न मिल्दैनथ्यो । प्रश्नोत्तरमा जाने हाम्रो एउटै उद्देश्य थियो - विद्यमान शासन सत्ताको सक्कली अनुहार जनताबिच उदाङ्ग्याउने ।

सामाजिक जनवादी समूहले कालासय सदनमा गरेको यो सङ्घर्षलाई सेन्ट पिटर्सबर्गका मजदुरहरूले समर्थन गरे र सबल बनाए । सोही दिन उनीहरूले एकदिने हडतालको घोषणा गरे । हामीले संसद्को मञ्चबाट जारशाहीको पछिल्लो दमनको उदाहरण सुनाउँदै गर्दा मजदुरहरूले हतारिँदै कलकारखानाको काम छोडेर बैठक बसे र विरोधको स्वर घन्काइहाले ।

डिसेम्बर १४ को एकदिने हडताल व्यवस्थित र योजनाबद्ध थियो । बीमाको विषयलाई लिएर गर्न खोजिएको बैठकमाथि रोक लगाएर ट्रेड युनियनमाथि गरिएको कारबाहीको उदाहरण 'प्राभ्दा' मा दिनकै जसो छापिन्थ्यो । पत्रिकामा बीमा आयोगमा 'मजदुर' प्रतिनिधिको 'नियुक्ति' को विषयमा पनि छापियो । यो आयोगले सरकारी बीमा कानुनलाई असफल पार्न चाहन्थ्यो । पत्रिकामा छापिने यस्ता लेखको भाषामा चलाखी अपनाइन्थ्यो । सेन्सरले पनि पर्गेल्न नसक्ने गरी लेखिन्थ्यो । तर, सचेत मजदुरहरूले भित्री आसय बुझ्न सक्थे । संसद्मा प्रश्नोत्तर चल्ने बेला जुलुस प्रदर्शन गर्नुपर्ने सन्देश यसरी नै दिइएको थियो । डिसेम्बर १३ को दिन रुसी सामाजिक जनवादी मजदुर पार्टीको केन्द्रीय समितिले हस्ताक्षर गरेको पर्चा बाँड्दै बोल्शेभिकहरूले सामाजिक जनवादी समूहको समर्थनमा हडताल गर्न अपिल गरेका थिए ।

पर्चा जारी गरिएको दिन विभिन्न कलकारखानामा बैठकहरू डाकियो । संसद्को प्रश्नोत्तरलाई स्वागत गर्दै प्रस्तावहरू पारित गरियो । समूहलाई समर्थन गरिरहने वचन दिइयो । उदाहरणको लागि पह्लको उद्योगमा पारित गरिएको प्रस्तावमा लेखियो, "हडतालमार्फत हामी चौथो राज्य ड्युमाको सामाजिक जनवादी समूहले सदनमा राखेका प्रश्नहरूमा समर्थन जनाउँछौँ ।" प्रत्येक प्रस्तावमा ट्रेड युनियनहरूमाथि भएको कारबाहीको कडा शब्दमा विरोध गरिएको थियो । बीमा आयोगमाथि प्रहरीले नियन्त्रयण जमाएकोमा विरोध गरिएको थियो । हडतालको आह्वान गर्ने अपिलप्रति उत्साहप्रद समर्थन प्राप्त भयो । तेह्र कारखानाका मजदुरहरूले तुरुन्तै काम छोडे र केही नगन्य समूहले मात्र वा केही थान मजदुर र त्यसमा पनि महिलाहरूले मात्र काम गरिरहे, काम छोडेनन् ।

हडताल डिसेम्बर १४ को दिन नै टुङ्गिएन । भोलिपल्ट बिहान अन्य कारखाना र ज्यासल पनि हडतालमा सहभागी भए । त्यस्तै, अघिल्लो दिन कारखाना छोडेका मजदुरहरू काममा फर्केनन् । हडताली मजदुरहरूको सङ्ख्या यकिन साथ भन्न सकिन्न । तर, त्यो सङ्ख्या ६० हजारभन्दा मुनि हुनै सक्दैन । यसको अर्थ सेन्ट पिटर्सबर्गको सबैभन्दा ठुलो उद्योगमा काम गर्ने जति मजदुर हडतालमा सहभागी भए । यसका साथै छापाखाना, मर्मत कारखानाजस्ता केही साना व्यवसाय पनि बन्द भए । सेन्ट पिटर्सबर्गका मजदुरहरूको यो भव्य विरोध हडताललाई मजदुरहरूले आफ्ना सांसदहरूप्रति ऐक्यबद्धता जनाएको अर्थमा बुझियो ।





स्पेनको बाबियो सहरमा स्पेनको बास्क कन्ट्रीको फूटबल टिमसित मित्रवत् खेल खेल्नुअघि गाजामा इजरायली आक्रमण र नरसंहारको विरोधमा 'नरसंहार बन्द गर' लेखिएको ब्यानर प्रदर्शन गर्दै प्यालेस्टिनी खेलाडीहरू नोभेम्बर १५, २०२५ का दिन ।

*तस्बिर : एपी/मिग्वेल ओसेस*

# अन्तरिक्षबाट फर्किएका ४ मुसासहित वैज्ञानिक नमुनाहरू चिनियाँ अनुसन्धान टोलीलाई हस्तान्तरण

पेइचिङ, ३० कार्तिक (एएनआई) । अन्तरिक्षमा जीवन-विज्ञान परीक्षणका लागि पठाइएका चार वटा मुसासहितको अन्तरिक्ष विज्ञान प्रयोग नमुनाहरूको नवौँ ब्याच शुक्रबार चीन अन्तरिक्ष स्टेशनबाट शेन्झोउ-२१ अन्तरिक्ष यानमार्फत सफलतापूर्वक पृथ्वीमा फर्किएको छ ।

यी नमुनाहरू शनिबार बिहान नै चिनियाँ वैज्ञानिकहरूको टोलीलाई औपचारिक रूपमा हस्तान्तरण गरिएको ग्लोबल टाइम्सले चिनियाँ एकेडेमीका स्रोतहरू उद्धृत गर्दै जानकारी दिएको छ ।

फिर्ता गरिएका नमुनाहरूमा जीवन विज्ञान, सामग्री विज्ञान तथा दहन विज्ञानसँग सम्बन्धित कुल २६ प्रयोगात्मक परियोजनाहरू समावेश छन् । यसमा नौ प्रकारका जीवन विज्ञान नमुना, ३२ प्रकारका सामग्री विज्ञान नमुना तथा तीन प्रकारका दहन विज्ञान नमुना रहेका छन्, जसको संयुक्त तौल करिब ४६.६७ किलोग्राम रहेको छ ।

वैज्ञानिकहरूले पृथ्वी फर्काइएका मुसाहरूको व्यवहार, प्रमुख शारीरिक सङ्केतकहरू तथा जैव-रासायनिक सूचकहरूको प्रारम्भिक परीक्षण गर्दै अन्तरिक्ष वातावरणमा देखिने तनाव प्रतिक्रिया तथा अनुकूली परिवर्तनहरूको विश्लेषण गर्ने तयारी गरेका छन् । यस्ता परीक्षणहरूले जीवित जीवहरूमा अन्तरिक्ष वातावरणले पार्ने व्यापक प्रभाव बुझ्न महत्त्वपूर्ण वैज्ञानिक आधार प्रदान गर्नेछन् ।

मुसाहरूबाहेक जेब्राफिस, हर्नवोर्ट, स्ट्रेप्टोमाइसेस, प्लानेरियन, मस्तिष्क अर्गनोइड्सजस्ता अन्य जीवन विज्ञान नमुनाहरू समेत पेइचिङस्थित स्पेस एप्लिकेसन इन्जिनियरिङ एन्ड टेक्नोलोजी सेन्टरमा पुऱ्याइएका छन् । केन्द्रले यी नमुनाहरू वैज्ञानिकहरूलाई थप प्रयोगका लागि हस्तान्तरण गर्नुअघि तिनको संरचना तथा अवस्थाको विस्तृत निरीक्षण र पुष्टि गर्नेछ ।

यसैगरी, बाँकी सामग्री विज्ञान र दहन विज्ञान भएका नमुनाहरू पनि चरणबद्ध रूपमा शेन्झोउ-२१ यानको रिटर्न क्याप्सुलमार्फत पेइचिङ पठाइने कार्यक्रम रहेको छ । वैज्ञानिकहरूले त्यसपछि फर्काइएका जीवन विज्ञान नमुनाहरूमा ट्रान्सक्रिप्टोमिक सिक्वेन्सिङ, प्रोटिओमिक्स विश्लेषण लगायतका उन्नत जैविक परीक्षणहरू सञ्चालन गर्नेछन् । यी अनुसन्धानहरूले माइक्रोग्राभिटीले शरीरका विभिन्न तहहरूमा पार्ने असर पहिचान गर्ने तथा सम्बन्धित रोगहरूको रोकथाम र उपचारका लागि आवश्यक जैविक संयन्त्र तथा सम्भावित हस्तक्षेप लक्ष्यहरू पहिल्याउने अपेक्षा गरिएको छ ।

उता, टङ्स्टन-हाफ्नियम मिश्र धातु, नरम चुम्बकीय सामग्री तथा आराम फेरोइलेक्ट्रिक एकल क्रिस्टलजस्ता सामग्री विज्ञानका नमुनाहरूमाथि वैज्ञानिकहरूले संरचनात्मक रूपविज्ञान, रासायनिक संरचना र अन्तरिक्ष प्रभावसँग सम्बन्धित भौतिक परिवर्तनहरूको परीक्षण गर्नेछन् । अध्ययनहरूले गुरुत्वाकर्षणले सामग्रीको वृद्धि, तत्व पृथक्करण, ठोस दोषहरू, कार्यसम्पादन तथा विशेष अन्तरिक्ष वातावरणमा तिनको सेवा क्षमतामा पार्ने प्रभाव गहिरोसँग अन्वेषण गर्नेछन् ।

यी अनुसन्धानबाट प्राप्त हुने निष्कर्षहरूले उच्च-प्रदर्शन सौर सेल सुरक्षात्मक सामग्री, विकिरण-प्रतिरोधी अप्टिकल फाइबर, चन्द्र आधारका लागि निर्माण सामग्री तयारी प्रक्रियाजस्ता भविष्यका महत्त्वपूर्ण अन्तरिक्ष प्रविधि विकासलाई मजबुत आधार प्रदान गर्नेछ । साथै, उपग्रह सञ्चारदेखि व्यापक अन्तरिक्ष अन्वेषणसम्मका क्षेत्रमा आवश्यक सैद्धान्तिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने अपेक्षा गरिएको ग्लोबल टाइम्सले जनाएको छ ।

# मेक्सिको सिटीको विरोध प्रदर्शनमा झडप, १२० जना घाइते

मेक्सिको सिटी, ३० कार्तिक ( एएफपी) । राष्ट्रपति क्लाउडिया सेनबामको सरकारविरुद्ध आयोजित विरोध प्रदर्शन राजधानीमा हिंसात्मक रूप लिँदा शनिबार कम्तिमा १२० जना घाइते भएको एएफपीले जनाएको छ । घाइते हुनेमा धेरैजसो प्रहरी अधिकारीहरू रहेका छन् ।

लागुऔषध हिंसा तथा सेनबामको सुरक्षा नीतिविरुद्धको प्रदर्शन 'जेनेरेसन जेड' का प्रतिनिधिहरूद्वारा सामाजिक सञ्जालमार्फत आह्वान गरिएको थियो । यद्यपि घटनास्थलमा विभिन्न उमेरका प्रदर्शनकारीहरूको उपस्थिति देखिएको थियो ।

सन् २०२४ अक्टोबरदेखि सत्तामा रहनुभएकी राष्ट्रपति सेनबामले आफ्नै कार्यकालको पहिलो वर्षमा ७० प्रतिशतभन्दा माथिको जनसमर्थन कायम राख्नुभएको छ । तथापि, हालैका धेरै चर्चित हत्याकाण्डपछि उहाँको सुरक्षा नीतिमाथि निरन्तर आलोचना हुँदै आएको छ । मेक्सिको सिटीका सुरक्षा प्रमुख पाब्लो भाजक्वेजले पत्रकारहरूसँग कुरा गर्दै प्रदर्शन धेरै घण्टासम्म शान्तिपूर्ण रूपमा अघि बढेको तर हुड लगाएका केही व्यक्तिले हिंसात्मक गतिविधि सुरु गरेपछि झडप सुरु भएको जानकारी दिनुभयो ।

भाजक्वेजका अनुसार १०० जना प्रहरी अधिकारी घाइते भएका छन् । तीमध्ये ४० जनालाई प्राथमिक उपचारपछि अस्पताल सार्न आवश्यक परेको थियो । साथै २० जना प्रदर्शनकारी पनि घाइते भएको पुष्टि गरिएको छ । अधिकारीहरूले डकैती, आक्रमण तथा एक पत्रकारमाथिको कथित आक्रमणसमेत विभिन्न आरोपमा २० जनालाई पक्राउ गरेको बताइएको छ ।

धेरै प्रदर्शनकारीहरूले ब्यानरहरू बोकेका थिए र मिचोआकान राज्यको उरूपानका दिवङ्गत मेयर कार्लोस मन्जोप्रति ऐक्यबद्धता जनाउँदै उहाँको तस्वीरसहितको टोपी लगाएका थिए । मन्जो लागुऔषध तस्करी गर्ने समूहविरुद्ध कडा अभियान चलाउने नेताका रूपमा चर्चित हुनुहुन्थ्यो । यद्यपि, हत्या भएका मेयरकी विधवाले भने आफ्ना दिवङ्गत पति नेतृत्व गरेको आन्दोलनलाई शनिबारको विरोध प्रदर्शनसँग जोडिन नदिने स्पष्ट पार्नुभएको थियो ।

मार्चमा सहभागी युवाहरूको ठुलो समूहले जापानी मङ्गा 'वन पिस' को समुद्री डाकू झण्डा पनि प्रदर्शन गरेको थियो, जुन हाल विश्वभरि युवा प्रतिरोधको प्रतीकका रूपमा फैलिएको छ ।

यसैबिच, राष्ट्रपति सेनबामले केही दिनअघि आफ्नो नियमित पत्रकार सम्मेलनमा प्रदर्शनको उद्देश्य र प्रेरणामाथि प्रश्न उठाउँदै यसलाई 'अकार्बनिक' र 'भुक्तान गरिएको' गतिविधि भएको टिप्पणी गर्नुभएको थियो । उहाँले 'यो सरकारविरुद्ध विदेशबाट प्रेरित गरिएको आन्दोलन हो' भन्ने दाबी पनि गर्नुभएको थियो ।

प्रदर्शनकारीहरू राष्ट्रपतिको निवास र कार्यस्थल रहेको राष्ट्रिय दरबार अगाडि जम्मा भएका थिए र त्यहाँ रहेको धातुको सुरक्षातारलाई भत्काएका थिए । सुरक्षाकर्मीहरूले भवन जोगाउन प्रदर्शनकारीहरूलाई रोक्न अश्रुग्यास तथा आगो निभाउने उपकरण प्रयोग गरेका थिए । केही प्रदर्शनकारीले 'तपाईंहरूले कार्लोस मन्जोलाई यसरी नै जोगाउनुपर्ने थियो' भन्दै सुरक्षाकर्मीमाथि चर्को नाराबाजी गरेका थिए ।

सयौँ युवाले प्रहरीतर्फ ढुङ्गा, काठ तथा अन्य वस्तु फ्याँकेका थिए । त्यसको जवाफमा प्रहरीले ढाल प्रयोग गर्दै वस्तु नै फ्याँकेर भीडलाई पछाडि धकेल्ने प्रयास गरेको थियो ।

## विश्व सङ्क्षेप

# श्रीलङ्कामा पर्यटन क्षेत्र विस्तार आम्दानीमा निरन्तर वृद्धि

कोलम्बो, ३० कार्तिक (सिन्ह्वा) । श्रीलङ्का केन्द्रीय बैङ्कका अनुसार सन् २०२५ का पहिलो दस महिनामा देशले पर्यटन क्षेत्रबाट झण्डै दुई अर्ब छ करोड साठ्ठी लाख अमेरिकी डलर बराबरको आय प्राप्त गरेको छ, जसले अघिल्लो वर्षको सोही अवधिको तुलनामा करिब चार दशमलव नौ प्रतिशत वृद्धि भएको छ । जुन महिनामा मात्र पर्यटन आम्दानी एक सय छयासी करोडभन्दा बढी पुगेको बैङ्कले जनाएको छ । श्रीलङ्का पर्यटन विकास प्राधिकरणका तथ्याङ्कअनुसार चालु वर्षको सुरुदेखि कार्तिक २९ गतेसम्म झण्डै उन्नाइस लाखभन्दा बढी विदेशी पर्यटक श्रीलङ्का पुगेका छन्, जसमा भारत पहिलो ठुलो स्रोत मुलुक रहेको छ ।

भारतपछि बेलायत, रसिया, जर्मनी र चीन प्रमुख आगन्तुक मुलुक बनेका छन्, जहाँ प्रत्येक देशबाट एक-एक लाखभन्दा बढी पर्यटक आएका छन् । पर्यटनको पुनरुत्थानसँगै होटल, यातायात, सेवा व्यवसाय तथा स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव परेको बताइन्छ र श्रीलङ्काले बढ्दो पर्यटनलाई आर्थिक पुनर्जीवनको महत्त्वपूर्ण आधारका रूपमा हेरिरहेको छ ।

# कम्बोडियामा बर्ड फ्लुबाट युवकको मृत्यु

फ्नोम पेन्ह, ३० कार्तिक (सिन्ह्वा) । क्याम्बोडियामा २२ वर्षीय एक युवक 'एच५एन१' फ्लुबाट मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

'एच५एन१' भनेको बर्ड फ्लूको एक प्रकारको इन्फ्लुएन्जा भाइरस हो । यसले उच्च मृत्यु दर देखाउने हुँदा स्वास्थ्यका दृष्टिले जोखिमपूर्ण मानिन्छ । एच५एन१ बाट सङ्क्रमित मानिसमा सामान्यतया ज्वरो, खोकी, घाँटी दुखाइ र श्वासप्रश्वासमा समस्या देखा पर्न सक्छ । यो भाइरस प्रायः सङ्क्रमित चराको सँगको प्रत्यक्ष सम्पर्क र त्यसको उत्सर्जन (मल, लार र ढिक्री) मार्फत फैलिन्छ । मानवबाट मानवमा सङ्क्रमण दुर्लभ भए पनि, यदि भाइरसमा उत्परिवर्तन हुन्छ भने महामारीको खतरा बढ्न सक्छ ।

स्वास्थ्य मन्त्रालयका अनुसार, राष्ट्रिय सार्वजनिक स्वास्थ्य संस्थानको प्रयोगशालामा गरिएको परीक्षणमा १५ नोभेम्बर सन् २०२५ मा युवक एच५एन१ भाइरसको सङ्क्रमणमा रहेको पुष्टि भएको थियो ।

मृतक युवक राजधानी न्होम पेन्हको क्रोय चाङ्भर जिल्लाअन्तर्गत केन ख्लेङ गाउँमा बस्दै आएका थिए । स्वास्थ्य अधिकारीहरूले सङ्क्रमणको स्रोत पत्ता लगाउन अनुसन्धान सुरु गरेका छन् र समुदायमा फैलावट रोक्न मृतकसँग सम्पर्कमा रहेका व्यक्तिहरूको परीक्षण गरिरहेका छन् ।

साथै, सङ्क्रमितसँग प्रत्यक्ष सम्पर्कमा आएका व्यक्तिहरूलाई टामिफ्लु ( ओसेल्टामिभिर) वितरण गरिएको छ, जसले फ्लुको फैलावट रोक्न सहयोग पुऱ्याउँछ । एच५एन१ फ्लु प्रायः बिरामी चराचुरुङ्गीहरूमा फैलिन्छ, तर कहिलेकाहीँ मानिसमा पनि सर्छ । स्वास्थ्य मन्त्रालयले जनतालाई सचेत रहन र बिरामी चराचुरुङ्गी नखान आग्रह गरेको छ । मन्त्रालयका अनुसार, यस वर्ष हालसम्म १७ जना क्याम्बोडियामा एच५एन१ सङ्क्रमणका घटना देखा परेका छन्, जसमा ६ जनाको मृत्यु भएको छ ।

# लाहोर विश्वको दोस्रो प्रदूषित सहर

लाहोर (पाकिस्तान), ३० कार्तिक (एएनआई) । पाकिस्तानको सांस्कृतिक राजधानी लाहोर शनिबार ३९६ को वायु गुणस्तर सूचकाङ्क (एक्युआई) दर्ता भएसँगै विश्वको दोस्रो सबैभन्दा प्रदूषित सहर बनेको एआरवाई न्युजले जनाएको छ । रिपोर्टहरू उद्धृत गर्दै एआरवाई न्युजले पञ्जाब प्रान्तका विभिन्न क्षेत्रमा हावाको गुणस्तर अत्यन्तै खतरनाक अवस्थामा पुगेको उल्लेख गरेको छ ।

एक्युआई ५७१ पुग्दै फैसलाबाद पाकिस्तानको सबैभन्दा प्रदूषित सहरका रूपमा उभिएको छ भने गुजरानवाला ५७० कण पदार्थको स्तरका साथ दोस्रो स्थानमा रहेको छ । त्यस्तै लाहोरको एक्युआई ३९६ र मुल्तानको २५७ दर्ता भएको जनाइएको छ ।

गत वर्ष जाडो सुरु भएपछि पञ्जाबले लगातार वायु प्रदूषण र घना धुवाँको समस्या झेल्दै आएको थियो । धुवाँ नियन्त्रणका लागि अधिकारीहरूले निरन्तर प्रयास गरे तापनि हावाको गुणस्तर खतरनाक स्तरसम्म झर्दै गम्भीर जनस्वास्थ्य चुनौती सिर्जना भएको समाचारमा उल्लेख छ ।

केही दिनसम्म लाहोर पूरै धुवाँ–धुलोको मिश्रणले ढाकिएको थियो । यसमा कम गुणस्तरको डिजेल धुवाँ, चिसो मौसमसँगै झरिरहेको तापक्रम र मौसमी कृषि जलाउने कामले थप योगदान गरेको बताइएको छ । एक अवस्थाको चर्चा गर्दै वायु प्रदूषण लाहोरमा विश्व स्वास्थ्य सङ्गठन (डब्लुचओ) ले तोकेको सुरक्षित स्तरभन्दा ८० गुणा बढी पुगेको पनि जनाइएको छ ।

विषाक्त वायु, बढ्दो स्वास्थ्य जोखिम र कडा प्रदूषणको प्रभावबाट सर्वसाधारणलाई जोगाउन प्रान्तीय सरकारले विद्यालयहरू बन्द गर्नुका साथै भोजनालय, बजार तथा अन्य व्यवसायिक प्रतिष्ठानहरूको समयसीमा समेत सीमित गरेको एआरवाई न्युजले उल्लेख गरेको छ ।

यसअघि डन दैनिकले कतिपय अन्य सहरी केन्द्रहरूले पनि एक्युआई ३०० भन्दा माथिको स्तर दर्ता गरेको बताउँदै अधिकारीहरूले बासिन्दाहरूलाई बाहिरी गतिविधि न्यून गर्न, झ्याल-ढोका बन्द राख्न, बाहिर निस्कँदा मास्क प्रयोग गर्न र घरभित्र एयर प्युरिफायर चलाउन आग्रह गरेको उल्लेख गरेको थियो ।

ह्युमन राइट्स वाचले नागरिकहरूलाई सूचित गर्दै एक प्रतिवेदनमा हरियाली क्षेत्रको विनाश, कृषि जग्गामा कन्क्रिट संरचनाहरूको विस्तार, बाली जलाउने प्रचलन र व्यावहारिक सार्वजनिक यातायात प्रणालीको अभावले लाहोरमा वायु प्रदूषण वर्षौंदेखि झनै बिग्रँदै गएको बताएको छ ।

यातायात, ताप प्रयोजनका इन्धन, फोहोर जलाउने प्रथा, बिजुली उत्पादन तथा अन्य औद्योगिक गतिविधिहरूमा जीवाश्म इन्धनको अत्यधिक प्रयोग नै वायु प्रदूषणको वृद्धि भएको प्रमुख कारण रहँदै आएको प्रतिवेदनमा उल्लेख छ ।

*कुलमान...*

भनेर हामीले प्रयास गरिरहेका थियौं,' शाक्यले भने ।

यसअघि नेपालले भारतका सरकारी एजेन्सीहरूबाट मात्रै विद्युत् आयात गरिरहेकोमा अब त्यहाँको निजी कम्पनी पीटीसीबाट पनि खरिद गर्ने गरी सम्झौता गरेको हो । पीटीसी १६ प्रतिशत मात्रै संस्थापकहरूको सेयर भएको र अधिकांश सेयर सर्वसाधारणमा रहेको त्यहाँको स्टक बजारमा सूचिकृत कम्पनी हो ।

गत वर्षसम्म नेपालले कि ऊर्जा आदान-प्रदान समिति, कि खुला बजारबाट विद्युत् आयात गर्दै आएको थियो । गत वर्ष भएको दुई देशबिचको 'ज्वाइन्ट स्टेयरिङ कमिटी' (जेएससी) बैठकले व्यापारिक सम्झौतामार्फत विद्युत् आयात पनि खोलेको थियो ।

८ अगस्टमा पीटीसीले बिहारको १३२ केभी बिन्दुबाट प्रतियुनिट ६.७४ भारु दरमा विद्युत् बिक्री गर्ने प्रस्ताव गरेको र त्यो भारतमा तत्काल प्रचलित खरिद-बिक्रीदर भन्दा केही बढी देखेर खरिद सम्झौता गर्नुअघि मूल्य घटाउन एक पटक अनुरोध गर्ने निर्णय भई मूल्य केही कम गर्न पत्राचारसमेत भएको प्राधिकरण स्रोतले पनि पुष्टि गऱ्यो ।

**यसरी बुनियो ४३ करोड भ्रष्टाचारको जालो**

ऊर्जामन्त्री घिसिङको बारम्बारको ताकेता र ठाडो प्रस्ताव पेस भएपछि मन्त्रिपरिषद्को ५ असोज २०८२ (२१ सेप्टेम्बर २०२५) को निर्णयबाट शाक्यलाई पदबाट हटाई सिलवाललाई विद्युत् प्राधिकरणको नयाँ कार्यकारी निर्देशक नियुक्त गरिएको थियो ।

प्राधिकरणमा पीटीसीको एउटा प्रस्ताव हुँदाहुँदै आफू नियुक्त भएको भोलिपल्टै सिलवालले २२ सेप्टेम्बर (६ असोज) मा १ सय ८० मेगावाट विद्युत् आयात गर्ने गरी दोस्रो प्रस्ताव मगाएका थिए ।

त्यसमध्ये ढल्केबर-मुजफ्फरपुर ४०० केभी लाइनबाट १ सय मेगावाट र बिहार-नेपाल १३२ केभी लाइनबाट ८० मेगावाट आयात गर्ने प्रस्ताव पीटीसीले गरेको थियो ।


पीटीसीले गरेको प्रस्तावलाई प्राधिकरणले फास्ट ट्र्याकमा २६ सेप्टेम्बर (१० असोज) मा स्वीकृत गर्दै सोही मूल्यमा विद्युत् खरिद गर्ने गरी आशयपत्र (लेटर अफ इन्टेन्ट) जारी गऱ्यो । जबकि, त्यो मूल्य डेढ महिनाअघि मात्रै पीटीसीले पेस गरेको प्रस्तावमा उल्लेखित मूल्यभन्दा प्रतियुनिट ३४ पैसा बढी थियो ।

**यस्तो छ गडबडीको फेहरिस्त**

पीटीसीसँग विद्युत् प्राधिकरणले गरेको पीपीए 'टेक अर पे' (विद्युत् लिए पनि नलिए पनि महसुल तिर्नुपर्ने) र 'राउन्ड द क्लक' (आरटीसी) अर्थात् चौबिसै घण्टा विद्युत् लिने) गरी गरिएको सम्झौता हो । यसअनुसार जनवरी २०२६ देखि मे महिनासम्म जम्मा १ सय ५१ दिन १ सय ८० मेगावाट विद्युत् चौबिसै घण्टा पीटीसीसँग किन्नुपर्ने हुन्छ ।

**यसमा कसरी अनियमितता भयो त ?**

पहिलो, त्यो विद्युत्लाई अब युनिटमा लैजाऔं । १ सय ५१ दिनमा ३ हजार ६ सय २४ घण्टा हुन्छ । त्यस अवधिमा १ सय ८० मेगावाट विद्युत् निरन्तर निर्यात गर्दा त्यो कुल ६५ करोड २३ लाख २० हजार युनिट हुन्छ ।



भारतीय कम्पनी पीटीसीसँग

पीपीए गर्दा भएको गडबडी

१. खरिद दर नै भारतीय २१ पैसाले बढाएका कारण : १३ करोड ६९ लाख ८७ हजार भारु ।

२. ढल्केबर–मुजफ्फरपुर प्रसारणलाइनमा राज्य ट्रान्समिसन सेवा शुल्क प्रतियुनिट ०.१८ भारु नलाग्नेमा त्यो नघटाएर : ६ करोड ६२ लाख ३२ हजार भारु

३. ढल्केबर–मुजफ्फरपुर प्रसारणलाइनमा राज्य ट्रान्समिसन चुहावट २.५६ प्रतिशत नहुनेमा त्यो नघटाएर : ६ करोड ४४ लाख ७८ हजार भारु

अनियमितता गरी प्राधिकरणलाई भएको नोक्सानी : २६ करोड ७६ लाख ९७ हजार ४ सय ८ भारु अर्थात् ४२ करोड ८३ लाख १५ हजार ८ सय ५३ नेपाली रुपैयाँ ।

| शीर्षक | विवरण | गडबडी रकम |
|---|---|---|
| १. खरिद दर नै भारतीय २१ पैसाले बढाएका कारण | पीटीसीले यसअघि प्रतियुनिट ६.७४ भारुमा विद्युत बिक्री गर्ने प्रस्ताव गरेकोमा पछि विद्युत प्राधिकरणले बढाएर ६.९५ प्रतियुनिटमा किन्ने सम्झौता गऱ्यो । यो १८० मेवा विद्युत जनवरीदेखि मेसम्म १ सय ५१ दिन आयात हुन्छ । त्यस अवधिमा कुल ६५ करोड २३ लाख २० हजार युनिट बिजुली आयात हुँदा भारतीय २१ पैसा बढी तिरेका कारण १३ करोड ६९ लाख ८७ हजार २ सय भारु नोक्सान हुन्छ । | २१ करोड ९१ लाख ७९ हजार ५ सय २० नेपाली रुपैयाँ |
| ढल्केबर–मुजफ्फरपुर प्रसारणलाइनमा राज्य ट्रान्समिसन सेवा शुल्क प्रतियुनिट ०.१८ भारु नलाग्नेमा त्यो नघटाएर | बिहारको १३२ केभी प्रसारण लाइनमार्फत विद्युत आयात गर्दा प्रतियुनिट भारतीय १८ पैसा 'राज्य ट्रान्समिसन सेवा शुल्क' (ह्विलिङ चार्ज) लाग्छ । तर, १८० मेवामध्ये १ सय मेवा ४०० केभीको ढल्केबर–मुजफ्फरपुर प्रसारणलाइन मार्फत आयात हुनेछ, जुन विद्युत प्राधिकरणकै भएकाले ह्विलिङ चार्ज तिर्नु पर्दैन । त्यसो हुँदा १०० मेगावाटमा आयातमा प्रतियुनिट ०.१८ भारु नघटाउँदा करिब ६ करोड ५२ लाख ३२ हजार भारु नोक्सान हुन्छ । | १० करोड ४४ लाख रुपैयाँ |
| ढल्केबर–मुजफ्फरपुर प्रसारणलाइनमा राज्य ट्रान्समिसन चुहावट २.५६ प्रतिशत नहुनेमा त्यो नघटाएर | ह्विलिङ चार्जजस्तै बिहारको १३२ केभी प्रसारण लाइनमा लाग्ने थप २.५६ प्रतिशत चुहावट पनि ढल्केबर-मुजफ्फरपुर ४०० केभी प्रसारण लाइनमा हुँदैन । त्यसैले विद्युत् प्राधिकरणले पीटीसीसँग गरेको सम्झौतामा त्यो २.५६ प्रतिशत चुहावटबापतको रकम कम हुनुपर्ने हो । तर, त्यो रकम नघटाउँदा ६ करोड ४४ लाख ७८ हजार २ सय ८ भारु नोक्सान हुन्छ । | १० करोड ३१ लाख ६५ हजार १ सय ३२ रुपैयाँ |
| कुल | माथिका तीन शीर्षकमा गरिएको गडबडीका कारण नेपाल विद्युत प्राधिकरणलाई २६ करोड ७६ लाख ९७ हजार ४ सय ८ भारु नोक्सानीमा पारी कुलमान घिसिङ तथा मनोज सिलवालले अनियमितता गरेको देखिन्छ । | ४२ करोड ८३ लाख १५ हजार ८ सय ५३ नेपाली रुपैयाँ । |

यति बिजुली ६.७४ भारुको सट्टा ६.९५ भारु अर्थात् २१ पैसा बढीका दरले किन्नुपर्दा कुल १३ करोड ६९ लाख ८७ हजार २ सय भारु विद्युत् प्राधिकरणलाई घाटा लाग्छ । यो भनेको २१ करोड ९१ लाख ७९ हजार ५ सय २० नेपाली रुपैयाँ हो ।

यी दुई ट्रान्समिसन लाइनमार्फत विद्युत् आयात गर्दा ट्रान्समिसन सेवा शुल्क फरक पर्दछ । बिहारको १३२ केभी प्रसारण लाइनबाट आयात गर्दा 'राज्य ट्रान्समिसन सेवा शुल्क' बापत भारतीय १८ पैसा प्रतियुनिट पनि लाग्ने पीटीसीको प्रस्ताव थियो ।

त्यस्तो शुल्क बिहारको १३२ केभीको बिन्दुमा मात्रै लाग्छ, ४०० केभी ढल्केबर-मुजफ्फरपुर लाइनमार्फत आयात गरिने १ सय मेगावाटमा लाग्दैन । किनभने, त्यो प्रसारणलाइन प्राधिकरणकै स्वामित्वमा छ ।

तर, घिसिङ र सिलवालको सेटिङमा पीटीसीसँग भएको पीपीएमा त्यसरी प्रसारण सेवा शुल्क नै नलाग्ने विद्युत् समेत ६.९५ प्रतियुनिट भारुमा आयात गर्ने उल्लेख छ ।

जबकि, ढल्केबर-मुजफ्फरपुर प्रसारणलाइनमार्फत आयात हुने विद्युत् प्रतियुनिट भारतीय १८ पैसा कम हुनुपर्थ्यो तर उक्त शुल्क विद्युत् खरिद सम्झौतामा घटाइएको छैन । यस खरिद दर अन्तरका कारण त्यो १ सय मेगावाट विद्युत्का हकमा राज्य ट्रान्समिसन सेवा शुल्कको १८ भारतीय पैसा प्रतियुनिट अन्तरको करिब १० करोड ४४ लाख रुपैयाँ गडबडी भएको देखिन्छ ।

यसलाई सजिलो गरी यसरी बुझौँ

माथि उल्लेख भएअनुसार ३ हजार ६ सय २४ घण्टा १ सय मेगावाट आयात गर्दा ३६ करोड २४ लाख युनिट हुन जान्छ । यो बिजुलीमा प्राधिकरणले तिर्नै नपर्ने प्रतियुनिट भारतीय १८ पैसा तिर्दा ६ करोड ५२ लाख ३२ हजार भारु विद्युत् प्राधिकरणलाई नोक्सान हुन्छ । अर्थात्, यसरी तिर्नै नपर्ने ह्विलिङ चार्जको भारसमेत प्राधिकरणलाई बोकाएर १० करोड ४३ लाख ७१ हजार २ सय रुपैयाँ अनियमितता भएको देखिन्छ ।

तेस्रो, चुहावट नै नभएको बिजुली चुहावट हुने देखाएर पनि करिब १० करोड ३१ लाख रुपैयाँ अनियमितताको तानाबाना बुनिएको छ । बिहारको १३२ केभी प्रसारण लाइनबाट आयात गर्दा राज्य प्रसारणलाइनको चुहावट २.५६ प्रतिशत हुने उल्लेख छ ।

तर, विद्युत् प्राधिकरणले पीटीसीसँग गरेको सम्झौतामा त्यो २.५६ प्रतिशत चुहावटलाई समेत गणना गरी ६.९५ पैसा प्रतियुनिट खरिद मूल्य तय गरिएको छ ।

पीटीसीले ८ अगस्टमा ६.७४ भारुमा विद्युत् बिक्री प्रस्ताव गर्दा प्राधिकरण प्रबन्ध निर्देशक हितेन्द्रदेव शाक्य थिए । आफू प्राधिकरणमा रहँदा २०८२ सालको सुख्खा मौसममा अवश्यक पर्ने विद्युत् खरिदका लागि पीटीसीसँग माग गरेको शाक्यले बताए ।

८ अगस्टमा पीटीसीले बिहारको १३२ केभी बिन्दुबाट प्रतियुनिट ६.७४ भारु दरमा विद्युत् बिक्री गर्ने प्रस्ताव गरेको र त्यो भारतमा तत्काल प्रचलित खरिद-बिक्रीदर भन्दा केही बढी देखेर खरिद सम्झौता गर्नुअघि मूल्य घटाउन एक पटक अनुरोध गर्ने निर्णय भई मूल्य केही कम गर्न पत्राचारसमेत भएको प्राधिकरण स्रोतले पनि पुष्टि गऱ्यो ।

**यसरी बुनियो ४३ करोड भ्रष्टाचारको जालो**

ऊर्जामन्त्री घिसिङको बारम्बारको ताकेता र ठाडो प्रस्ताव पेस भएपछि मन्त्रिपरिषद्को ५ असोज २०८२ (२१ सेप्टेम्बर २०२५) को निर्णयबाट शाक्यलाई पदबाट हटाइ सिलवाललाई विद्युत् प्राधिकरणको नयाँ कार्यकारी निर्देशक नियुक्त गरिएको थियो ।

प्राधिकरणमा पीटीसीको एउटा प्रस्ताव हुँदाहुँदै आफू नियुक्त भएको भोलिपल्टै सिलवालले २२ सेप्टेम्बर (६ असोज) मा १ सय ८० मेगावाट विद्युत् आयात गर्ने गरी दोस्रो प्रस्ताव मगाएका थिए ।

त्यसमध्ये ढल्केबर-मुजफ्फरपुर ४०० केभी लाइनबाट १ सय मेगावाट र बिहार-नेपाल १३२ केभी लाइनबाट ८० मेगावाट आयात गर्ने प्रस्ताव पीटीसीले गरेको थियो ।

'ऊर्जामन्त्री घिसिङले आउँदा आउँदै तत्कालीन कार्यकारी निर्देशक शाक्यलाई हटाएर सिलवाललाई नियुक्ति गर्नु, त्यसको भोलिपल्टै पीटीसीबाट विद्युत् खरिदको महँगो प्रस्ताव मगाउनु र त्यही दर घटाउन कुनै प्रयाससमेत नगरी जस्ताको तस्तै स्वीकृत गर्नुले प्रश्न उठ्छ, पाँच महिनाको बिचमा ४३ करोड रुपैयाँ प्राधिकरणलाई घाटा लगाउने र कम्तीमा पनि त्यति वा त्यसभन्दा बढी रकम अनियमितता गर्ने र चुनावअघि भागबण्डा गर्ने योजनाका साथ काम भएको हो कि ?,' प्राधिकरणको विश्वस्त स्रोतले भन्यो ।

**यस्तो छ गडबडीको फेहरिस्त**

पीटीसीसँग विद्युत् प्राधिकरणले गरेको पीपीए 'टेक अर पे' (विद्युत् लिए पनि नलिए पनि महसुल तिर्नुपर्ने) र 'राउन्ड द क्लक' (आरटीसी) अर्थात् चौबिसै घण्टा विद्युत् लिने) गरी गरिएको सम्झौता हो ।

यसअनुसार जनवरी २०२६ देखि मे महिनासम्म जम्मा १ सय ५१ दिन १ सय ८० मेगावाट विद्युत् चौबिसै घण्टा पीटीसीसँग किन्नुपर्ने हुन्छ ।

**यसमा कसरी अनियमितता भयो त ?**

पहिलो, त्यो विद्युत्लाई अब युनिटमा लैजाऔं । १ सय ५१ दिनमा ३ हजार ६ सय २४ घण्टा हुन्छ । र, त्यस अवधिमा १ सय ८० मेगावाट विद्युत् निरन्तर निर्यात गर्दा त्यो कुल ६५ करोड २३ लाख २० हजार युनिट हुन्छ ।

यति बिजुली ६.७४ भारुको सट्टा ६.९५ भारु अर्थात् २१ पैसा बढीका दरले किन्नुपर्दा कुल १३ करोड ६९ लाख ८७ हजार २ सय भारु विद्युत् प्राधिकरणलाई घाटा लाग्छ । यो भनेको २१ करोड ९१ लाख ७९ हजार ५ सय २० नेपाली रुपैयाँ हो ।

**यसलाई सजिलो गरी यसरी बुझौँ**

माथि उल्लेख भएअनुसार ३ हजार ६ सय २४ घण्टा १ सय मेगावाट आयात गर्दा ३६ करोड २४ लाख युनिट हुन जान्छ । यो बिजुलीमा प्राधिकरणले तिर्नै नपर्ने प्रतियुनिट भारतीय १८ पैसा तिर्दा ६ करोड ५२ लाख ३२ हजार भारु विद्युत् प्राधिकरणलाई नोक्सान हुन्छ । अर्थात्, यसरी तिर्नै नपर्ने ह्विलिङ चार्जको भारसमेत प्राधिकरणलाई बोकाएर १० करोड ४३ लाख ७१ हजार २ सय रुपैयाँ अनियमितता भएको देखिन्छ ।

चुहावट नै नभएको बिजुली चुहावट हुने देखाएर पनि करिब १० करोड ३१ लाख रुपैयाँ अनियमितताको तानाबाना बुनिएको छ । बिहारको १३२ केभी प्रसारण लाइनबाट आयात गर्दा राज्य प्रसारणलाइनको चुहावट २.५६ प्रतिशत हुने उल्लेख छ ।

तर, ४०० केभीमा १ सय मेगावाट विद्युतका हकमा राज्य ट्रान्समिसन चुहावटको २.५६ प्रतिशत कटौती गर्न नमिल्ने प्राधिकरणका प्राविधिकहरू बताउँछन् । किनभने १ सय मेगावाट विद्युत् बिहार राज्यको १३२ केभी प्रसारण लाइनबाट नभई दुई देशबिचको ४०० केभी प्रसारण लाइनबाट आयात हुने हो ।

तर, विद्युत् प्राधिकरणले पीटीसीसँग गरेको सम्झौतामा त्यो २.५६ प्रतिशत चुहावटलाई समेत गणना गरी ६.९५ पैसा प्रतियुनिट खरिद मूल्य तय गरिएको छ । यसरी तिनै राज्य प्रसारण नोक्सानी चार्जको भारसमेत प्राधिकरणलाई बोकाएर १० करोड ३१ लाख ६५ हजार १ सय ३२ रुपैयाँ अनियमितता गरेको देखिन्छ ।

***- अनलाइन खबर डटकमबाट***

*समाजवादी...*

'२० डिग्रीभन्दा भिरालो जमिनमा घर बनाउन नपाइने ।' त्यसैले, नेपालका डाँडाकाँडामा कुनै प्राविधिक अध्ययनबिना जथाभावी कोरिएका रक्तनलीजस्ता देखिने सडकहरू र त्यसबाट बारम्बार गइरहेको पहिरोको समस्या तिब्बतमा कहीं देखिँदैन । त्यहाँ सडकले पहाड चढ्दैन बरु सुरुङमार्फत सडक अगाडि बढ्छ । सुरुङभन्दा माथिल्लो भागको पहाडको संरचनामा कुनै फेरबदल हुँदैन ।

निश्चय पनि भौतिक विकासलाई पर्यावरणमैत्री बनाउन सजिलो छैन । तर, राजनैतिक व्यवस्था र नेतृत्वको सही दिशानिर्देशले जनतामा पर्यावरणप्रति चेत खुल्ने र मानवीय आवश्यकतालाई प्रकृतिमैत्री बनाउने दृष्टिकोणको विकास हुने रहेछ भन्ने उदाहरण तिब्बती भूमिमा देख्न सकिन्छ । वातावरणको विनास गरेर मानव सभ्यता अघि बढ्न सक्दैन । तर, पुँजीवादी समाजमा आफ्नो स्वार्थका लागि अरु जेसुकै होस् भन्ने नाफाखोर मानसिकताले पृथ्वीको अस्तित्व नै सङ्कटमा परिरहेको छ । यस्तो विषम् परिस्थितिमा विकासको समाजवादी मोडेलले पर्यावरण दीर्घकालसम्म सुरक्षित राख्न सकिने अभ्यासको सन्देश तिब्बती भूमिले संसारलाई दिइरहेको अनुभव गर्न सकिन्छ । यो नै उज्यालो भविष्यको मार्गदर्शन हो ।







# नगरस्तरीय लोकनृत्य प्रतियोगिताका विजेताहरूलाई पुरस्कार वितरण




भक्तपुर, ३० कार्तिक । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) नगर कार्य समिति भक्तपुरको आयोजनामा सम्पन्न नगरस्तरीय लोकनृत्य प्रतियोगिताको समापन तथा पुरस्कार वितरण कार्यक्रम आइतबार सम्पन्न भयो । प्रतियोगितामा सूर्योदय इ. स्कूल प्रथम, माउन्ट भ्याली इ. स्कूल द्वितीय, लिटिल वर्ल्ड स्कूल तृतीय र साइनिङ स्टुडेन्ट चौथो भएका थिए ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले समाजको संस्कृति, परम्परा र भावना झल्किने लोकनृत्य प्रतियोगिता आयोजनाले सांस्कृतिक नगर भक्तपुरको उचाइ अझ बढेको बताउनुभयो ।

विभिन्न जातजाति र भौगोलिक क्षेत्रका मौलिक लोकनृत्यहरूको संरक्षण र प्रवर्द्धनको दायित्व हामी स्वयम्‌को हो भन्दै उहाँले नेपालका पुराना परम्परा, कला संस्कृति लोप हुन नदिन नयाँ पुस्तामाझ यस्ता गतिविधिहरू गर्दै लानुपर्ने बताउनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नपाले स्थानीय पाठ्यक्रममार्फत विद्यार्थीहरूलाई भक्तपुरको कला संस्कृति, भाषा, चाडपर्व आदि विषय अध्ययन अध्यापन गराउँदै आएको बताउँदै विद्यार्थीहरूले आफ्नो शिक्षा र संस्कृतिलाई सँगसँगै अगाडि बढाउने प्रयासमा लाग्नुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति, निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) नगर कार्य समिति भक्तपुरका अध्यक्ष शिवकुमार कोजुले प्रतियोगितामा १७ वटा विद्यालयले भाग लिएको बताउँदै नेपालको संस्कृति विश्वमाझ चम्काउने काम नेपालको लोकनृत्यबाट हुने बताउनुभयो ।

प्याब्सन भक्तपुर जिल्ला उपाध्यक्ष विजय कर्माचार्यले भक्तपुर प्याब्सनले विद्यार्थीको प्रतिभा प्रस्फुटनमा विशेष प्राथमिकतामा राख्दै वार्षिक ३० वटा भन्दा बढी अतिरिक्त क्रियाकलाप गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा निर्णायकहरूले आफ्नो धारणा राख्नुभएको थियो । प्रमुख अतिथि प्रजापतिलगायत अतिथिहरूले विजेताहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो ।

# अक्टोबर क्रान्तिको अवसरमा शिक्षक भेला



भक्तपुर, ३० कार्तिक । नेपाल क्रान्तिकारी शिक्षक सङ्घ ९ नं. वडा समितिको आयोजनामा अक्टोबर समाजवादी क्रान्ति दिवसको अवसरमा शुक्रबार शिक्षक भेला भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले अमेरिकी साम्राज्यवादको विरोधमा उठिरहेका संसारका युवा, विद्यार्थी र देशका जनतालाई सीआईए, आईएनजीओ, एनजीओको हतियार प्रयोग गरेर दबाइरहेका छन् भन्नुभयो ।

उहाँले भन्नुभयो, "संरा अमेरिकाले त्यसलाई सघाउन विश्वका ९ सयभन्दा बढी ठाउँमा अमेरिकी सैनिक क्याम्प राखेको छ ।"

शासक दलका नेताहरूले गरेको भ्रष्टाचारको विरूद्धमा भएको युवा-विद्यार्थीको आक्रोशलाई उपयोग गर्दै देशको सम्पत्ति सिध्याउन कलिला युवा विद्यार्थीहरूको हत्या गराउन, देशमा एक आपसमा भिडाएर उपद्रव मच्चाउने काममा अमेरिका र भारतको हात हुनसक्छ, उहाँले थप्नुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले राम्रो र सही नेतृत्वको आधार ठूलो र सानोले, नयाँ र पुरानो पुस्ताले अनि भिडले हुँदैन भन्नुभयो ।

शिक्षक कृष्णप्रसाद धन्छाले वर्गमा विभाजित समाजमा शोषकवर्गले शोषितवर्गलाई कहिले पनि उठ्न दिँदैन भन्नुभयो ।

उहाँले भन्नुभयो, "देशमा पुँजीवादी व्यवस्था छ, जसले शोषक वर्गको सेवा गर्छ । देशमा आज यही व्यवस्थाले राज गरिरहेको छ ।"

आयोजक समितिका अध्यक्ष विश्वराम प्रजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा विश्वेश्वर मानन्धर, चन्द्रलक्ष्मी दुवाल र मैयालक्ष्मी त्यातले पनि बोल्नुभएको थियो ।

# गाजामा स्वयंसेवक अभियान: सडक सफाइ र पूर्वाधार पुनर्स्थापना जारी

गाजा सिटी, ३० कार्तिक ( सिन्ह्वा) । गाजामा शनिबार दशौं स्वयंसेवक सडक सफाइ र पूर्वाधार पुनर्स्थापनामा सक्रिय रूपमा जुटेका छन् । वर्षा भइरहे पनि उहाँहरू युद्धपछिको मलबा र फोहोर हटाउँदै सहरलाई सफा र सुन्दर बनाउने कार्यमा संलग्न छन् । यो पहल व्यापक स्वयंसेवक अभियानको एक महत्त्वपूर्ण हिस्सा मानिन्छ ।

गाजा नगरपालिकाले यो अभियान गाजा उद्योग, वाणिज्य तथा कृषि चेम्बर र प्यालेस्टाइन गैरसरकारी संस्था नेटवर्कसँगको सहकार्यमा सुरु गरेको हो । नगरपालिका अनुसार अभियानको उद्देश्य 'सामुदायिक सहभागितामार्फत निर्माण र पुनर्निर्माणमा आशाको उज्यालो फैलाउनु' हो ।

नगरपालिकाका जनसम्पर्क अधिकृत होस्नी मुहानाले बताएअनुसार, अभियानमार्फत फोहोर र मलबा हटाउने, सडकमा रूख रोप्ने र युद्धले प्रभावित सहरलाई सुन्दर बनाउने कार्य भइरहेको छ । गाजा सिटीका मेयर याह्या अल-सार्राजले यस अभियानलाई महान् पहलको रूपमा वर्णन गर्दै भन्नुभयो, "यो अभियानले प्यालेस्टिनी जनताको अडिगता दृढ र कुनैपनि चुनौतीले उनीहरूलाई रोक्न नसक्ने देखाएको छ । विभिन्न उमेरका मानिसहरू यस अभियानमा सक्रिय देखिनुले विश्वलाई सन्देश दिन्छ कि गाजा जीवनयोग्य छ ।"

प्यालेस्टाइन एनजीओ नेटवर्कका प्रमुख अम्जाद अल-शावा अनुसार यो अभियान युद्धपछिको ६० करोड टन मलबा हटाउने ठूलो लक्ष्यतर्फको पहिलो चरण हो, जसले गाजालाई पहिलेभन्दा अझ सुन्दर र सुरक्षित बनाउने लक्ष्य राखेको छ ।

गाजा उद्योग, वाणिज्य र कृषि चेम्बरका प्रमुख आयेद अबु रमदानले भन्नुभयो,"गत दुई वर्षमा गाजामा विनाश भयो, तर यहाँका नागरिकहरूले पुन: उठ्ने क्षमताको उदाहरण प्रस्तुत गरेका छन् ।"

स्वयंसेवक इब्राहिम हसनले भन्नुभयो, "म यो अभियानमा सहभागी छु किनभने गाजालाई जीवनमा फर्काउने काम केवल आफ्नै जनताले गर्न सक्छ । जीवन फिर्ता ल्याउन पुनर्निर्माण आवश्यक छ, चाहे यसमा पुस्तौं युवा र बच्चाहरूको योगदान लागोस् ।"

स्वयंसेवक हानान ओबेइदले फेस मास्क लगाएर फोहोर हटाउँदै भन्नुभयो,"यस अभियानमा सहभागी हुन पाउँदा मलाई गर्व छ । गाजामा जीवन छिटो फर्काउन यो हाम्रो साझा जिम्मेवारी हो ।"

अभियान त्यतिबेला जारी छ जब गाजापट्टी गम्भीर मानवीय सङ्कटको सामना गरिरहेको छ । विस्थापित मानिसहरू बस्ने क्षेत्रमा फोहोरको थुप्रोले वातावरण र स्वास्थ्यमा जोखिम निम्त्याइरहेको छ ।

गाजा नगरपालिका सङ्घका उपाध्यक्ष अल-अला अल-बट्टाले जानकारी दिनुभयो,"हाल सात लाख टन फोहोर अस्थायी डम्पमा जम्मा भइरहेको छ, र ईन्धन तथा उपकरण अभावका कारण यसलाई व्यवस्थापन गर्न कठिनाइ भइरहेको छ ।"

# शुक्लाफाँटा निकुञ्जको ५१४ दशमलव ३१ हेक्टर जमिन अतिक्रमण

दोधारा चाँदनी (कञ्चनपुर), ३० कार्तिक । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको ५१४ दशमलव ३१ हेक्टर क्षेत्रफल अतिक्रमणमा परेको छ । निकुञ्जको ढक्का, तारापुर र लल्लरे डाँडामा करिब ३७४ दशमलव ४२ हेक्टर क्षेत्रफल अतिक्रमण भएको हो । साथै नेपाल-भारत सिमाना पिल्लर नं २८ क्षेत्रमा करिब १३९ दशमलव ८९ हेक्टर निकुञ्ज क्षेत्र अतिक्रमणमा परेको निकुञ्ज कार्यालयले जनाएको छ ।


अतिक्रमित क्षेत्रमा तत्कालीन शुक्लाफाँटा आरक्ष विस्तारका क्रममा विस्थापितहरू बसिरहेका छन् । निकुञ्जका सूचना अधिकारी पुरुषोत्तम वाग्लेले ढक्कामा ६०४, तारापुरमा १५५ र लल्लेरीमा १३ परिवारले अतिक्रमण गरेर बसिरहेको जानकारी दिनुभयो । उहाँका अनुसार नेपाल-भारत सिमाना पिल्लर नं २८ क्षेत्रमा भारतीय नागरिकले करिब १३९ दशमलव ८९ हेक्टर निकुञ्जको क्षेत्र अतिक्रमण गरेर खेती गर्दै आएका छन् ।

सूचना अधिकारी वाग्लेले निकुञ्जको मध्यवर्ती क्षेत्र (कोर एरिया) मा मानवबस्ती बसेकाले वन्यजन्तुको बासस्थानमा असर पुग्ने बताउनुभयो । उहाँले भन्नुभयो, "कोर एरियामा निकुञ्जबाट विस्थापित भएकाहरू बस्दै आएका छन्, यसले वन्यजन्तुको बासस्थानमा समस्या हुन्छ । यहाँ बस्नेहरूले पनि न्यूनतम सेवासुवधा पाउन सक्दैनन् । सोहीकारणले कोर एरियामा बस्ती हुँदा दुवै पक्षलाई असर परेको छ ।"

निकुञ्जबाट विस्थापितको समस्या समाधान हुन नसक्दा निकुञ्जको कोर एरिया अतिक्रमणमा परेको वाग्लेको भनाइ छ । हालसम्म ३३ वटा आयोग बने पनि आरक्ष विस्थापितको समस्या समाधान हुन नसकेको उहाँले बताउनुभयो । नेपाल-भारत सिमानाको पिल्लर नं २८ र २७ बिचको निकुञ्ज क्षेत्रमासमेत अतिक्रमण भएको छ । सिमानामा मुख्य पिल्लरको बिचमा सबपिल्लर नभएकाले उक्त क्षेत्र विवादित बनेको सूचना अधिकारी वाग्लेले उल्लेख गर्नुभयो ।

विसं २०५८ मा तत्कालीन शुक्लाफाँटा आरक्ष (हालको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज) को पूर्वी क्षेत्र विस्तार गर्ने क्रममा विस्थापित भएकाहरू निकुञ्जको विभिन्न स्थानमा अतिक्रमण गरेर बसेकाले मानव-वन्यजन्तु द्वन्द्वसमेत बढ्दै गएको छ । यहाँ एक दशकमा जङ्गली हात्तीको आक्रमणबाट तीन महिला र १४ पुरुष गरी १७ जनाको मृत्यु भएको निकुञ्ज कार्यालयले जनाएको छ । ***रासस***

## हार्दिक समवेदना



जन्म
१९८१/०८/२२

निधन
२०८२/०७/२०

यस संस्थाका संस्थापक सदस्य कृष्णप्रसाद पंचका पूजनीय पिता **हरिलाल पंच**को दु:खद निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**निभा पुच: बचत तथा ऋण सहकारी संस्था लि.**
इताछें-२, भक्तपुर, फोन नं. ०१-६६१४६०४

## भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.

च्याम्हासिंह-९, भक्तपुर, फोन नं. ०१-६६१४६८६

## ब्याजदर परिवर्तनसम्बन्धी सूचना

अहिले वित्तीय क्षेत्रमा भइरहेको ब्याजदर परिवर्तनलाई ध्यानमा राखी संस्थाको सञ्चालक समितिको निर्णयअनुसार संस्थाले पनि यही मिति २०८२ मङ्सिर १ गतेदेखि लागु हुने गरी तपसिलबमोजिम बचत शीर्षकमा नयाँ ब्याजदर कायम गरिएको सबै शेयर सदस्य तथा शुभचिन्तकहरूमा यसै सूचनाद्वारा जानकारी गराउँदछ ।

**तपसिल**

| क्र.सं. | बचत शीर्षकमा | साबिक ब्याजदर | नयाँ ब्याजदर |
|---|---|---|---|
| १. | नियमित बचत | ५ % | ५ % |
| २. | बाल बचत | ५ % | ५ % |
| ३. | सञ्चयकोष बचत | ५ % | ४ % |
| ४. | दैनिक बचत | ३ % | २ % |
| ५. | आकस्मिक बचत | ३ % | २ % |
| ६. | भक्तपुर आकस्मिक बचत | ३ % | २ % |
| ७. | आवधिक/भ.आवधिक बचत ३ महिने | हटाएको | हटाएको |
| ८. | आवधिक/भ.आवधिक बचत ६ महिने | ४ % | ३ % |
| ९. | आवधिक/भ.आवधिक बचत १ वर्षे | ४.५ % | ३.५ % |
| १०. | ज्येष्ठ नागरिक बचत | ५ % | ४ % |

## वित्तीय विवरण

सहकारी विभागको मिति : २०७९/०४/३१ गतेको निर्देशनबमोजिम प्रकाशित
२०८२ कार्तिकमसान्तको अपरिस्कृत वित्तीय विवरण

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १. | शेयर पुँजी | १६,५०,७३,०००।०० |
| २. | जगेडा कोष | २२,३३,१९,२४१।२४ |
| ३. | कुल बचत | ३,७४,२५,३०,२९०।४६ |
| ४. | ऋण लगानी | २,८५,६७,६०,७१२।०० |
| ५. | तरलता रकम | १,४२,७५,५०,२०३।८८ |
| ६. | कुल संस्थागत पुँजी कोष | २४,९४,१२,६९५।८० |
| ७. | विभिन्न कोषहरूको जम्मा रकम | ५,८७,५४,११७।४६ |
| ८. | कुल सम्पत्ति | ४,४७,३५,८०,८८५।२७ |
| | अन्य विवरण | |
| १. | तरलता प्रतिशत | ३८.१४ % |
| २. | कुल शेयर सदस्य सङ्ख्या<br>पुरूष : ४१३३<br>महिला : ४८६६ | ८९९९ |
| ३. | कुल ऋणी सदस्य सङ्ख्या | १२१५ |
| ४. | बाल बचतकर्ता सङ्ख्या | १५१० |

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा